लेखापरीक्षण प्रतिवेदन

बारेकोट गाउँपालिका, जाजरकोट

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

बारेकोट गाउँपालिका, जाजरकोट

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/464

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
बारेकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

जाजरकोट।

कैफियतसहितको राय

हामीले बारेकोट गाउँपालिका, जाजरकोटको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी हरू समावेश भएको एकीकृत वित्तीय विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरण ले नेपाल सार्वजनिक क्षेत्र लेखामान नगदमा आधारित र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेस गरेको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त

भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ७ करोड ५३ लाख ४१ हजार र अन्य रु. ४५ लाख ३८ हजार समेत गरी रु. ७ करोड ९८ लाख ७९ हजार हजार समावेश गरेको छैन।

२. पालिकाको रु. १ अर्व ३४ करोड ७ लाख ११ हजार लेखापरीक्षण गरिएकोमा रु. ६ करोड ८६ लाख २५ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा प्रतिक्रियाबाट फर्स्यौट नभई बाँकी बेरुजुमध्ये असुल गर्नुपर्ने रू. २१ लाख ९२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड ५५ लाख ८६ हजार, नियमित गर्नुपर्ने रु.२ करोड २५ लाख ३९ हजार र पेश्की बेरुजु रु.१ करोड ८३ लाख ८ हजार रहेको छ। गत वर्षसम्म रु. १६ करोड ९४ लाख १ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.२३ करोड ८० लाख २६ हजार रहेको छ। पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. पालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य बेहोरा

यो पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटीका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटी पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटीका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(राम प्रकाश महतो)

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु आर्थिक वर्षको

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौंट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
६०	१३०	६,८६,२५,४९६	०	०	०	०	६०	१३०	६,८६,२५,४९६	२१,९२,४४८	२,२५,३९,१८३	२,५५,८५,८६५	०	०	४,८१,२५,०४८	१,८३,०८,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
जाजरकोट	१६,९४,०१,०००	०	०	१६,९४,०१,०००	०	६,८६,२५,४९६	२३,८०,२६,४९६

(८०६६६५०३३०० - बारेकोट गाउँपालिका, जाजरकोट)

परिचय

१ **परिचयः**

(क) कार्यालय परिचय :- संघ, प्रदेश एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यंक्रमको माध्यमबाट स्थानीय जनतालाइ प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु नगरपालिकाको मुख्य उद्वेश्य छ ।अन्य उदेश्यहरु १ आय वृद्धि र उपभोग व्यवस्थापनबाट सबै क्षेत्रमा बचत गर्ने क्षमतामा अभिवृद्धि गर्नु । २ ज्येष्ठ नागरिकहरुको सम्मानजनक जीवनयापनका लागि आवश्यक सेवा सुविधा विस्तार गर्नु, ३ ज्येष्ठ नागरिकप्रति परिवार, समुदाय र राज्यको दायित्वबोध गराउनु । ४ स्थानीय स्वायत्त शासन तथा सहभागितामूलक पद्धतिका माध्यमबाट जनतालाई आधारभूत सेवा सुविधा उपलव्ध गराउनु हो।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।५। ७ देखि २०८१ ।५।१० सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको रु. १ अर्ब ३४ करोड ७ लाख ११ हजार लेखापरीक्षण गरिएको छ।सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १६१७५७ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	दिपेन्द्र मा वि दिवा खाजामा वढी भुक्तानी	२०४७०
२	शंकर आ वि कर कट्टी कम भएको	४३०
३	बहुक्षेत्रिय पोषण वैठक भत्ता वढी भुक्तानी	१२११२५
४	स्वास्थ्य शाखामा वढी भत्ता भुक्तानी कल्पना रोकाय	४४३२
५	दोहोरो वैठक भत्ता भुक्तानी विभिन्न कर्मचारी	१५३००
जम्मा		१६१७५७

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तिय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ **फरक हिसाव**

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ३३०५८५७१.७५ , यस वर्षको प्राप्ति रु. ६९४२९३१४३.७४ ,यस वर्षको भुक्तानी रु. ६४६७८३१०६ र बैङ्क मौज्दात रु ४५८५६१ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

विवरण	**गतवर्षको जिम्मेवारी**	**यसवर्षको प्राप्ति**	**यसवर्षको भुक्तानी**	**बैङ्क मौज्दात**
सुत्र अनुसारको वार्षिक प्रतिवेदन म ले प फा नं २७०	**३३०५८५७१.७५**	**६६१२३४५७१.९९**	**६४६४१८१५८.४९**	**४७८७४९८५.२५**
एकीकृत आर्थिक विवरणअनुसार	**३२६०००१०.७५**	६९४२९३१४३.७४	६४६७८३१०६	४७५१००३७.७३
फरक	४५८५६१	३३०५८५७१.७५	३६४९४७.५१	३६४९४७.५२

४ **बैंक हिसाव विवरण**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

खाता	स्रेस्ताअनुसार मौज्दात रु.	बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.	फरक रु.
स्थानीय तह सञ्चित कोष खाता	२२१३०८२४.८३	२१३७९७०४.७६	७५११२०
चालु खर्च खाता	०	०	
पुँजीगत खर्च खाता	०	०	
विविध खर्च खाता	७९४२८९.८०	३३४४००५.९७	२५४९७१६.१८
विपद व्यवस्थापन खाता	१५११८२१३	१५१८२५४४	६४३३१
धरौटी खाता	७६०३७८३	७६०३७८३	०
जम्मा	४५६४७११०.६३	४७५१००३७.७३	१८६२९९२७.१०

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

५ **वित्तिय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ७५३४१४०३.२९ र अन्य रु. ४५३७६१५ समेत गरी रु ७९८७९०१८.२९ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

६ **संचित कोषमा फिर्ता हुनुपर्ने**

पालिकाले उपलव्ध गराएको विवरण अनुसार विविध कोष खातामा रहेको रु ३३४४००५.९७ मध्ये रु १८६२९२७.१० संचित कोषमा आम्दानी बाध्नुपर्नेमा आम्दानी बाधेको देखिएन।पालिकाले संचित कोषमा आम्दानी बाधेको प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	१८,६२,९२७.१

७ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छनः

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• पालिकाले २०८०।८१ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसूची २११ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति विवरण तयार गरेको पाईएन।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैंकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन। स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वियनमा आउन सकेको छैन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा गाँउपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालिन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाइएन।

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दीगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी केही सामान वडा पालिका तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाइ आवस्यक पर्ने खर्च भएर जाने सामान वडाले नै खरिद गर्ने र आम्दानी पनि वडाले नै बाध्ने गरेकोले गाउपालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाएको देखिएन।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मुल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोकेको पाइएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७(२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली बनाएको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भु-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा भवन निर्माण गर्न स्बीकृति दिन सक्ने व्यवस्था भएकोमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागु गरेको देखिएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कायक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न समिति गठन गरेको उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार दर्ता गरेको पाइएन।

• प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति खुलाउनुपर्नेमा नखुलाएको।

• लागत अनुमान र मूल्याङ्कन फरक फरक हुनुपर्नेमा एउटै भएकोले वास्तविक काम कति भन्ने सम्बन्धमा स्पष्ट नभएको।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।

• निजामती सेवा ऐन, २०४९ दफा ५(क) बमोजिम कर्मचारीहरुको कार्य विवरण बनाई लागु गर्नुपर्नेमा गरेको पाईएन।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५८ (४) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने मा ढिला दाखिला गर्ने गरेको पाइयो।

• विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद व्यवस्थापन समिति तथा प्रदेश व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेश गरेको देखिएन।

• बातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसुची बमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिचाई, सडक स्तरोनती लगायतका कार्यमा बातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ बमोजिम रु. ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा गराएको अभिलेख राखेको देखिए

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्पदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाई एक भन्दा बढी वर्षमा विनियोजन हुन सक्ने देखिएको।

• सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रवाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजानिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्बोधन गर्नुपर्ने उल्लेख भएकोमा सोको पालना नभएको,

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

८ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

९ **बजेट सीमा निर्धारण समिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत

अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको भए पनि ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा नगरेको सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१० **बजेट तथा कार्यक्रम तर्जुमा :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

११ **बजेट पेश, पारित र अख्तियारी** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति मा रु. २०८०।३।१० मा रु ४७ करोड ७३ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।३।२३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

१२ **योजना प्राथमिकीकरण** -

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ९ वडाको लागि कुल ८६ योजनामा वजेट विनियोजन गरेको छ।

रु १ लाख सम्म	रु १ लाख देखि २लाख सम्म	रु २ लाख देखि ५लाख सम्म	रु ५ लाख देखि १०लाख सम्म	रु १० लाख भन्दामाथी	जम्मा
१६	१५	२३	४	२८	८६

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ।तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१३ **बजेट अवण्डा** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु १ करोड ९६ लाख अबण्डा बजेट व्यवस्था गरी ३१ वटा योजनामा रु. १ करोड ९६ लाख खर्च

गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

१४ सेवा प्रवाह

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाँउपालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष तपशिल वमोजिमको सेवा प्रवाह प्रदान गरेको देखिन्छः

विवरण	जम्मा
स्वीकृत घरनक्सा दर्ता पास	0
पञ्जिकरणतर्फ	
जन्मदर्ता	११४६
मृत्युदर्ता	२१६
बसाईसराई दर्ता	२९
विवाह दर्ता	१७४
सम्बन्धविच्छेद दर्ता	0
पूर्वाधार विकास सडक निर्माण	३९३० मि

१५ त्रैमासिक पूँजीगत खर्चः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने पालिकाले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च			
		प्रथमत्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक
चालु खर्चतर्फ	३१३८९५०७४	५६८१७४०२.८४	३२८५०४३३	२३०२६६३५.७	२०१२००६०३.
पूंजिगत खर्चतर्फ	९७६२६७३१.६	६१००६६६.८४	११४०४०१३	२७१०८६२५.३२	५३०१३४२६.८
जम्मा	४११५२१८०५	६२९१८०६९.६८	४४२५४४४५	५०१३५२६१.०२	२५४२१४०३०.
प्रतिशत		१५.२८	१०.७५	१२.२	६१.७

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु. ४११५२१८०५.२२ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु ६२९१८०६९.६८ (१५.२८ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. ४४२५४४४५.२२ (१०.७५ प्रतिशत) तेस्रो त्रैमासिकमा रु. ५०१३५२६१.०२ (१२.२० प्रतिशत) र चौथो त्रैमासिकमा रु २५४२१४०३०.१४ (६१.७७ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. १०७९८७८९४.३२ (२६.२५ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१६ क्षेत्रगत बजेट र खर्चको स्थितिः

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

मुख्य क्षेत्र	बार्षिकवजेट	खर्चरकम	कुलखर्च मध्ये प्रतिशत
आर्थिक विकास	२५२६८०००	१९७६३३९९	४.८
सामाजिक क्षेत्र	२६६०३२९०७	२३६५७९४९९	५७.४८
पूर्वाधार विकास क्षेत्र	९६८२१९३६.६४	७७८४७२६१	१८.९१
सुशासन तथा अन्तर सम्वन्ध	२४१२२०००	१७२९१०९८.६	४.२
कार्यसञ्चालन तथा प्रशासनिक खर्च	८०१२५०००	६००४०५४७.६२	१४.५८
जम्मा	**४९२३६९८४३.६**	**४११५२१८०५.२**	**१००**

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा 57.48 प्रतिशत र पूर्वाधार विकास क्षेत्र, कार्यसंचालन तथा प्रशासनिक खर्च र सुशासनमा सबै भन्दा घटी 4.20 प्रतिशत रहेको छ ।

१७ **खर्च बिश्लेषणः**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु २२४००८९ राजस्व बाँडफाँड र अनुदानबाट रु ४९२३६९८४३.६४ समेत रु ४९४६०९९३२.६४ आम्दानी भएकोमा चालु तर्फ रु ३१३५७७४५३.१४ र पूँजिगत तर्फ रु ९७६२६७३१.६० र वित्तीय ब्यबस्था तर्फ रु २३५५७८९२१.२७ समेत रु ६४६७८३१०६.०१ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.३५ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुबिधामा रु ६८३७००० खर्च भएको छ जुन आन्तरिक आयको ३०५.२१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४८.४८ प्रतिशत चालु र १५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१८ **करार कर्मचारी** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा गाँउपालिकाले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ ।त्यसैगरी सोही ऐनको दफा ८३ (८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, पालिका सहयोगी, प्लम्बर, इलेक्टीसियन, चौकीदार, माली, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले माथि उल्लेखित पद वाहेकको ईन्जिनियर, जनस्वास्थ्य अधिकृत, सुचना अधिकृत, कम्प्यूटर अपरेटर सव ईन्जिनियर, प्रशासन सहायक, फिल्ड सहायक लगायत विभिन्न पदमा ७२ जना कर्मचारीहरु (गाँउपालिकातर्फ २२जना, स्वास्थ्य शाखातर्फ ३९ जना, पशुसेवा शाखामा १० जना र कृषि विकास शाखामा१ जना) करारमा राखी रु. २५७४३३२८ खर्च लेखेको छ ।

१९ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १२ जना पदपूर्ती भएको देखिन्छ भने ७ पद रिक्त देखिन्छ, वडा कार्यालयतर्फ ९ वटा वडामा १८ स्वीकृत दरवन्दी रहेकोमा ११ पद पदपूर्ति भइ बाँकी वडा सचिवको स्थायी पद रिक्त रहेको पाइयो।कृषि तथा पशुतर्फ १२ स्वीकृत दरवन्दी रहेकोमा ७ पद पदपूर्ति भइ ५ पद रिक्त रहेको छ भने स्वास्थ्यतर्फ ३८ स्वीकृत दरवन्दी रहेकोमा २७ पदमा पदपूर्ति भइ बाँकी १४ पद रिक्त रहेको देखियो। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासन अधिकृत, इन्जिनियर, सहित ४० पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम

सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

२० **कानून र सञ्चालन स्थिति** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २३ वटा ऐन, ३ वटा नियमावली, ३१ कार्यविधि, १० निर्देशिका लगायत ६७ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । वन्न बाँकी ऐन निर्माण गरी भएका कानुनहरु कार्यान्वियन हुनुपर्दछ ।

२१ **न्यायिक समिति** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ ।तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १५ र यो वर्ष थप भएको ५२ गरी कुल ६७ विवाद दर्ता भएकोमा ४५ वटा फर्स्यौट भई २२ बाँकी देखिन्छ ।न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२२ **सहकारी नियमन-**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ५३ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

२३ **पदाधिकारी सुविधाः**

कर्णाली प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्वन्धी ऐन,२०७७ अनुसार पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिमको रकम नबढ्ने र दोहोरो नपर्ने गरी सुथिधा पाउने व्यवस्था छ। गाँउपालिकाले आर्थिक वर्ष २०८०।८१ मा जम्मा रु. ६८,३७,००० पदाधिकारी सुविधामा भुक्तानी गरेको छ। पालिकाले विभिन्न योजना तथा कार्यक्रम संचालन गर्दा पदाधिकारीलाई कानूनमा तोकेको भन्दा वढी र फरक पर्ने गरी सुविधा नदिनेतर्फ ध्यान दिनुपर्दछ।

२४ **आय अनुमान** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु २२००००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु २२४००८९ अर्थात अनुमान भन्दा १.८२ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

२५ **कर तथा शुल्क असुली** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको

देखिन्छ ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
व्यवसाय कर	२०००००	३६२००	१८
वहाल कर	१०००००	२३८०५०	२३८
भूमि मालपोत	१५००००	२४२३८२	१६२
न्यायीक दस्तुर	२००००	१०००००	५००
सिफारिश दस्तुर	१५००००	३२५४००	२१६
कृषि तथा पशुजन्य कर	७००००	१२८५९०	१८४
व्यक्तिगत घटना दस्तुर	१५००००	१४७०००	९८
जम्मा	८४००००	१२१७६२२	४४.९५

पालिका भित्र रहेका करदाताहरुको अभिलेख नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख गरी करको दायरामा ल्याउनु पर्दछ।

२६ **सवारी करः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ। सम्वन्धित निकायसँग समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ।

२७ **मनोरञ्जन करः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको शूल्कमा कर लिनुपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०८०।८१ मा पालिकाको मनोरञ्जन कर राजस्व असुली शुन्य देखियो। पालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ।

२८ **काजमा कर्मचारीः**

निजामति सेवा ऐन २०४९ को दफा १८ क (१) अनुसार निजामति कर्मचारीलाई निज कार्यरत रहेको मन्त्रालय सचिवालय आयोग विभाग वा कार्यालयबाट सोही निकायको काममा मात्र अन्य स्थानमा एक वर्षमा तीन महिना सम्म काज खटाउन सकिने र उपदफा २ अनुसार कुनै पनि निजामति कर्मचारीलाई निजामति सेवाको पद नभएको निकायमा काजमा खटाउँदा सामान्य प्रशासन मन्त्रालयको सहमति लिनु पर्ने व्यवस्था भएको मा महालेखा नियन्त्रक कार्यालयको मिति २०७९।२।२४ च नं १२५९ को पत्र वाट लेखापाल श्री विष्णुकली रोकायालाई यो पालिकामा कामकाज गर्न खटाइएको छ। सो मिति देखि हालसम्म काजमा रहेकोमा यो पालिकामा महालेखा नियन्त्रक कार्यालय अन्तर्गतको लेखापाल दरबन्दी पनि रहेको देखिएन। यो वर्ष तलब ग्रेड कस कोष थप विमा पेन्सन कोष महंगी भत्ता समेत मासिक रु ५८८५१ ले चाडवाड खर्च समेत १३ महिनाको रु ७६५०६३। तलब भत्ता खर्च लेखेको देखियो। यस सम्बन्धमा छलफल गर्दा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८९ मा नेपाल सरकारले स्थानीय तहको मागको आधारमा उपयुक्त देखेमा बढीमा २ वर्षको लागि स्थानीय तहबाटै तलब भत्ता खाने गरी कर्मचारीलाई काजमा खटाउन सक्ने व्यवस्था अनुसार काजमा रहेको जनाएको छ। तर ऐन बमोजिम काज स्वीकृत भएको प्रमाण पेश भएको छैन।

२९ **तलवी प्रतिवेदन** -

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट

हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य, पशु, कृषि र पालिकाका कर्मचारी समेतको रु. ४९७५६४९१ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने साथै लेखारीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

३० **खाना तथा विविध खर्च** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । यसैगरी खर्च लेख्दा आवश्यकतामा र औचित्यका आधारमा आवश्यक प्रमाण कागजात सहित मितव्ययी तवरले गर्नुपर्दछ तर पालिकाले यो वर्ष निम्न बमोजिम खर्च लेखेको पाइयो।

सि नं	खर्च तर्फ	बार्षिक खर्च रकम
१	विविध खर्च	१२५२०००
२	आर्थिक सहायता	६५५०००
३	वैठक भत्ता	९३९१००
जम्मा		२८४६१००

•निश्चित उद्येश्य सहित विशेष परिस्थितिमा मात्र कानूनद्धारा गठित समितिको वैठकमा मात्र वैठक खर्च लेख्न पाइने व्यवस्था विपरित कार्यालयका पदाधिकारी कर्मचारीहरुलाई कार्यालयकै नियमित कार्य सम्बन्धमा भएका बैठकको भत्ता भुक्तानी दिएको पाइयो।

•विविध खर्चको प्रयोजन नखुलेको आवश्यकता आंकलन नगरी खर्च गरेको तथा प्यान विल राखि एउटै पार्टीबाट पटक पटक गरी सिमा भन्दा बढी खरिद गरी भुक्तानी गरेको पाइयो। यस्ता खर्चहरुमा नियन्त्रण हुनुपर्दछ।

३१ **भ्रमण खर्च** -

कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि पालिकाले तोकेको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले यसवर्ष अनुगमन तथा भ्रमणमा रु. २३२९९०० खर्च गरेको छ । पालिकाको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा अधिकांश भ्रमणको उद्वेश्य र स्पष्ट प्रयोजन नखुलेको, पालिकाकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको भ्रमण प्रतिवेदन पेश नगरेकोले दोहोरो भ्रमण खर्च दावी हुन सक्ने हुँदा तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा नियन्त्रण गर्नेतर्फ ध्यान जानुपर्दछ ।

३२ **आन्तरिक आय** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
411521805.22	**2240089**	०.54

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा 0.54 प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३३ **लक्ष्य प्रगति :**

पालिकाले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । पालिकाले पेश गरेको विवरण अनुसार योजनाको प्रगति स्थिति देहाय वमोजिम रहेको पाइयो।

कार्यक्रम/योजना	कुल कार्यक्रम	वार्षिक प्रगति स्थिति			
		शून्य प्रगती	२५%सम्म प्रगति	५०% सम्म प्रगति	७५% सम्म प्रगति
कार्यक्रम संख्या	८६	०	२	०	८४

उल्लेखित विवरण अनुसार कुल ८६ योजना मध्ये २ योजनामा २५ प्रतिशत प्रगति र बाँकी ८४ वटा योजनामा ७५ प्रतिशत प्रगति भएको पाइयो।अधिकांश योजनाको प्रगति ७५ प्रतिशत भन्दा वढी भएको विवरण पेश हुन आएको छ।लक्ष्य अनुसार वजेट खर्च गरी कार्य प्रगति हासिल गर्ने र निर्धारित ढाँचा अनुसार बार्षिक प्रगति प्रतिवेदन तयार गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

३४ **अनुत्पादक एवं वितरणमुखी खर्च:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिकाले आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय बासिन्दाहरुको सहभागिता जुट्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, दीगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धनमा सहयोग पुग्ने विषयहरुलाई प्राथमिकता दिई योजना तर्जुमा र कार्यान्वयन गर्नुपर्ने उल्लेख छ।पालिकाले वार्षिक बजेटबाट तीज कार्यक्रम, सभा संचालन, खेलकुद, सूचना प्रकाशन जस्ता अनुत्पादक र वितरणमुखी कार्यमा बजेट विनियोजन गरी खर्च गरेको छ। यस किसिमका खर्चबाट आर्थिक विकासमा टेवा पुग्ने देखिदैन।पालिकाले यस्तो खर्च नियन्त्रण गरी सार्वजनिक स्रोत साधनको उपयोग गर्दा गुणात्मक प्रतिफल आउने क्रियाकलापहरुमा खर्च गर्नु पर्दछ।यस्ता खर्चको केही विवरण निम्नानुसार छन।

भौ न	**कार्यक्रम**	**भुक्तानी पाउने**	**रकम**
३४।२०८०।६।२७	तीज विषेश कार्यक्रम	पार्वती गिरी/ वडा नं २	५००००
२३२।२०८०।११।२०	सभा संचालन खर्च	गाँउपालिकाको पालिका	१२२१८०
२३५।२०८०।११।२१	प्रदेशस्तरिय फुटवल खेल्न जुम्ला गएको	देशान्तर रोकाया	२५०००
२४७।२०८०।११।२३	राष्ट्रपति रनिङ सिल्ड	जिल्ला खेलकुद विकास समिति	२०००००
२७०।२०८०।१२।१४	सूचना प्रकाशन	समाजवादी दृष्टिकोण प्रकाशन प्रा लि	२५०००
२७१।२०८०।१२।१४	जनहितमा जारी सूचना	रारा कम्यूनिकेशन नेटवर्क प्रा ली	३३९००
६२७।२०८१।३।२४	जनचेतनामूलक सूचना प्रकाशन	गंगा चन्द्र मिडिया प्रा ली	१५०००
१६६।२०८०।९।२४	व्याम हु लोडर खरिद सम्वन्धी सूचना प्रकाशन	युग आव्हान दैनिक (हालसम्म खरिद हुन नसकेको)	४८४०९
५८३।२०८१।३।२०	जनचेतनामूलक सूचना प्रकाशन	भेरीमालिका लगायत १२ वटा मिडिया प्रा ली	१९३०००
जम्मा			७१२४८९

३५ **प्रधानमन्त्री रोजगार कार्यक्रम -**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । कार्यक्रम सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ९ वडामा १७ योजना सञ्चालन गरी यस वर्ष ९९ जनालाई औसत १०० दिनको रोजगारी उपलव्ध गराई रु. ६२४२३४४ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

३६ **औषधि खरिद -**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, व्याच नं, उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। यसवर्ष पालिकाले विभिन्न फर्मसँग रु. ३९२१५९० को औषधि खरिद गरेको देखिन्छ। आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन। अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

गो भौ नं।मिति	विवरण	भुक्तानी पाउने	रकम
७९।२०८०।८।१२	औषधि खरिद	सि एन के इन्टरनेशनल प्रा ली	४६७०४२
	औषधि खरिद	Bio Plus Medico Pvt Ltd	९८७९६०
४४२।२०८१।२।२९	औषधि खरिद	आषिस फार्मेसी एण्ड मणिराम डिस्ट्रिव्यूटर्स	९९९१६०
४४४।२०८१।२।२९	औषधि खरिद	झरना मेडिसिन सप्लायर्स	२९८१९५
३२२।२०८१।३।२२ शसर्त चालु	औषधि खरिद कोटेशनद्वारा	मानसरोवर मेडिहेल्थ प्रा लि	११६९२३३
जम्मा			३९२१५९०

पालिका मातहत हस्तान्तरण गरी पठाएका औषधिहरुको सदुपयोग सम्वन्धमा अनुगमन गरी प्रतिवेदन तयार गरेको देखिएन।

३७ **कन्टिन्जेन्सी खर्चः**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ। कार्यालयले यस वर्ष रु ३१९९७९४ रकम खर्च रहेको छ। यस सम्बन्धमा देखिएको अन्य व्यहोरा निम्न अनुसार छ।

• कन्टिन्जेन्सी खर्च रकमलाई ठेक्का एवं योजना अनुसार देखिने गरी नापी किताबमा उल्लेख गर्नु पर्नेमा गरेको देखिएन। योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्छ ।

• महालेखा नियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको आर्थिक संकेत तथा वर्गीकरण सम्बन्धी पुस्तिकाको खर्च संकेत तथा वर्गीकरण अनुसार विभिन्न खर्च संकेत नम्बरबाट खर्च लेखांकन गर्नुपर्ने रकमहरू जस्तै मर्मत संभार, स्टेशनरी छपाई, सूचना प्रकाशन, इन्धन, दैनिक भत्ता जस्ता कार्यमा सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखिएको छ। उक्त खर्चको संकेत तथा वर्गीकरण अनुसार मेल खाने देखिदैन् ।

• कन्टिन्जेन्सी रकमवाट, विविध, कार्यालय मालसामान, इन्धन लगायतका चालू खर्च शीर्षकका खर्चहरू समेतलाई पुँजीगत बजेट शीर्षक तर्फ समावेश गरी खर्च गरेकोले सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई अन्य सानातिना खर्च छुट्याएर मात्र

कन्टिन्जेन्सी रकम खर्च भएको एकिन गर्ने विवरण समेत तयार गर्नुपर्दछ

३८ **अनुदानको अनुगमन -**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले कृषि, पशु तर्फ रु. ७५ लाख ४५ हजार अनुदान खर्च लेखेको छ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन । पालिकाले स्थानीय अनुदान नीति तय गरी उत्पादन एवं उपलब्धिका आधारमा अनुदान वितरण गरी वितरित अनुदानको अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरित अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

३९ **इन्टरनेट तथा संचार खर्चः**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८२ मा सार्वजनिक सम्पत्तिको खरिद तथा प्रयोग गर्दा मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। पालिकाले २ वटा इन्टरनेट प्रदायक कम्पनि वल्डलिंक र एभरेष्ट वायरलेस नेटवर्क प्रा लि संग सम्झौता गरी बार्षिक रु २११२१३३ खर्च गरेको देखियो।पालिकाले प्रशासकीय भवन तथा अन्य शाखाहरुलाई एकै ठाँउमा व्यवस्थापन गरी सेवा प्रवाह गर्न सके यस्तो खर्च नियन्त्रण गर्न सकिने देखिन्छ।यसतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

४० **फोहरमैला व्यवस्थापन –**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

४१ **पेश्की बाँकीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ (३) मा कार्यालयले प्रचलित कानून अनुसार दिएको पेश्की म्याद नाघेको र ननाघेको छुट्टाछुट्टै अभिलेख राख्ने तथा उपनियम ४ मा लेखापरीक्षण गर्ने निकायले फछर्यौट हुन बाँकी पेश्की रकमलाई अन्तिम लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्नेपर्ने व्यवस्था गरेको छ। पालिकाले म्याद कायम रहेको देहाय बमोजिमका निर्माण व्यवसायीलाई दिएको पेश्की फछ्यौट हुन बाँकी रहेको विवरण पेश गरेकोमा समयमै पेश्की फछर्यौट गर्नतर्फ ध्यान दिनुपर्दछ। पालिकाले आर्थिक वर्षको अन्त्यसम्म फछर्यौट नभई बाँकी रहेको निम्नानुसार निर्माण व्यवसायी व्यक्ति संस्था तथा उपभोक्ता समितिहरुको नाममा रहेको पेश्की रकम नियमानुसार असुल फछर्यौट गर्नुपर्ने रु.

गो. भौ।मिति	पेश्की विवरण	म्याद ननाघेको	म्याद नाघेको
गत बर्षको	खड्का कृष्ण शिवाजी जे भी लिम्सा दह सडकस्तरोन्नती	३२९८८१	
३र १७।२०८१।२।१७ र २३	दोविल्ला वेलिब्रिज निर्माण गुरुकुल विल्डर्स	३०६००००	
२९।२०८१।३।१३	दह जिरी लिम्क सडक ए डी विल्डर्स कम्पनी प्रा ली	५००००००	
१७६।२०८१।२।२९	वाँझो जमिन एकीकृत कृर्षि श्रोत केन्द्र डम्वर बहादुर क्षेत्रि		२१००००
जम्मा		८०६००००	

पेश्की	२,१०,०००

४२ **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४।२ मा सरकारी रकम खर्च गर्दा साधन र स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्ने व्यवस्था छ । पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ ।नमुना छनौट गर्दा देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न बिक्रेता,व्यक्ती लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु.२१३६८४२ भुक्तानी दिएको अनियमित देखिएको रु.

भौ न मिति	**भुक्तानी पाउने संस्थाको नाम**	**प्रयोजन**	**रकम**
१६।२०८०।१२ गा पा पूँजिगत	वल्डलिंक कम्पूनिकेशन प्रा लि	भेटनरी शाखाको इन्टरनेट सेवाको विल	४६३३०
२१।२०८०।८।१७ गा पा पूँजिगत	मिसन कृषि भेट फर्मा	पशु औषधी खरिद	२०५४००
४२।२०८०।९।२० गा पा पूँजिगत	कमल शाह	घर बगैचा कार्यक्रम प्राविधिक तलब	६३७५०
६०।२०८०।१०।२५	मिसन कृषि भेट फर्मा	पशु औषधी खरिद	३९१४०५
६९।२०८१।०२।२८	राबहादुर मल्ल	राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता	३०००००
१६३।२०८१।०२।२८ गा पा पूँजिगत	चितवन भेट सेन्टर	पशु औषधी खरिद	४८१९५७
१४५।२०८१।२।११ गा पा पूँजिगत	महिला स्वास्थकर्मी	स्वसेविका प्रोत्साहन भत्ता	६४८०००
	जम्मा		२१३६८४२

अनियमित भएको	२१,३६,८४२

४३ **कार्यक्रम संशोधनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी बर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गतवर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय-व्ययको संशोधित अनुमान तथा आगामी वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिन भित्र छलफल सम्पन्न गरी अषाढ मसान्त भित्रै पारित गर्नुपर्ने व्यवस्था छ । ऐनको दफा १९ मा सभाको बैठक सामान्यतया वर्षमा २ पटक बस्ने व्यवस्था छ । सभाको पहिलो अधिवेशन बार्षिक नीति बजेट तथा कार्यक्रम स्वीकृत गर्ने र दोस्रो अधिवेशन सभाले नीति कार्यक्रम तथा योजना कार्यान्वयनको समिक्षा गर्ने, संशोधन गर्ने, ऐनको मस्यौदा तयार गरी छलफल र पारित गर्ने व्यवस्था रहेको छ।पालिकाले देहायबमोजिको कार्यक्रम सभाबाट संशाधन गर्नुपर्नेमा कार्यपालिकाबाट संशोधन गरी एकमुष्ट रुपमा अन्तिममा सभाले समर्थन गरेको देखियो जसका उदाहरण निम्न रहेका छन।

सि.नं.	कार्यक्रमको नाम	विनियोजित रकम	संशोधन गरिएको कार्यक्रमको नाम	रकम	कार्यपालिकाबाट संशोधित मिति	सभाबाट स्वीकृत मिति
१	नमुना बालविकास कार्यक्रम	१२००००००	जनता प्रथामिक विद्यालय बारेकोट ५	२०००००००	२०८०।११।१८	२०८१।०३।१४
२	सडक समपुरक	८००००००	दोमिल्ला देखि ठाटीचौर सम्म सडक ट्र्याक ओपन	१५००००००		
३			सिलिङ्गी दह सडक स्तरोन्नती समपुरक	४००००००		
४			ध्यापाटाकुरा लिम्सा सडक समपुरक	२००००००		
५	जनप्रिय प्रावि स्यालामुल्साम घेराबार	२०००००	जनप्रिय प्रावि स्याला मुल्साम भवन मर्मत एंव ढल निकास	२०००००		
६	भगवती आवि बयाल घेराबार	२४९०००	भगवती आवि फिल्ड निर्माण	२४९०००		
७	वडा नं १ मा नर्सरी स्थापना बृक्षारोपन कार्यक्रम	२२४०००	भगवती थान मन्दिर खारीखोला सम्म सडक ढलान	१५००००	२०८१।०२।११	
८	भगवती माद्यामिक विद्यालय जिरी भवन मर्मत	१९९०००	भगवती माद्यामिक विद्यालय फिल्ड निर्माण	१९९०००		
९	कार्यक्रम खर्च	५०००००	सार्वजनिक सुनुवाई कार्यक्रम	५०००००		
१०	संस्कृति पर्यटन प्रवर्वद्धन बारेकोट चिनाउ कार्यक्रम	४७००००	बोहरा कोटिली खानेपानी निर्माण	१९९०००		

ऐन वमोजिम सभाबाट मात्र कार्यक्रम संशोधन गर्नुपर्दछ।

४४ **जनप्रतितिधिमार्फत कार्यक्रम सम्झौताः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ।सोही अख्तियारी भित्र रहि प्रमुख प्रशासकिय अधिकृतले खर्च गर्नुपर्दछ। अख्तियारीप्राप्त व्यक्तिले मात्र कार्यक्रमको सम्झौता गर्नुपर्दछ।पालिकाले गत वर्षको वडा न २ मा संचालित व्युटिपार्लर तालिमको गौ.भौ.न १२।२०८०।८।१२ बाट भुक्तानी गर्दा पालिका अध्यक्षले सम्झौतागरी रु.२००००० भुक्तानी गरेको पाइएको अनियमित देखिएको रु.

अनियमित भएको	२,००,०००

४५ **अन्य निकायको खर्चः**

कार्यालयले आफ्नो कार्यक्षेत्र भित्र स्वीकृत कार्यक्रम र बजेट सिमा भित्र रही खर्च गर्नुपर्दछ।यस वर्ष कार्यालयले समान अस्तित्व र छुट्टै बजेट विनियोजन हुने कार्यालयको कार्यको लागि बजेटमै विनियोजन गरी भुक्तानी दिएको छ ।निम्न कार्यालय पालिकाको अधिकार क्षेत्र भित्र पनि नपर्ने र ती निकायमा समेत छुट्टै बजेट विनियोजन हुने भएकोले एउटै कामको लागि २ निकायवाट विनियोजन हुन सक्ने अवस्था समेत रहेकोले यसमा नियन्त्रण हुनुपर्दछ भनी गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा औल्याएकोमा यस वर्ष समेत सुधार भएको पाइएन। पालिकाले यसमा नियन्त्रण गर्नु पर्दछ।साथै यसरी खर्च लेखेको रकम नियमसम्मत मान्न नसकिएको रु.

क्र.स.	भौचर नम्बर मिति	कार्यालय र प्रयोजन	रकम
१	१५/२०८०/८/१२	जिल्ला प्रहरी कार्यालय चौकीको झण्डा पुजा खर्च	१२०००
२	१७/२०८०/८/१२	इलाका प्रहरी कार्यालय रामीडाँडा झण्डा पुजा खर्च	१२०००
३	२०/२०८०/८/१४	प्रहरी चौकी सक्ला हतियार पुजा	१२०००
४	२५/२०८०/८/१७	प्रहरी चौकी रामी डाँडा मौलो पुजा	१२०००
४	११६/२०८०/१२/२३	गाग्रा खोला लघु जलविद्युतको नहर मर्मत	१११७१८
६	१२२/२०८०/१/१२	रेडक्रस उपशाखा बारेको ६ को पर्खाल निर्माण	१४९२९४
६	२०३/२०८१/३/१६	सिमतरा लघुविद्युतको मर्मत	४२८१०
	जम्मा		३५१८२२

अनियमित भएको	३,५१,८२२

४६ **खर्च शिर्षक फरक पारी भुक्तानीः**

महालेखा नियन्त्रक कार्यालयको एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्या, २०७४ बमोजिम बिनियोजित बजेट सम्बन्धित खर्च शिर्षक अन्तर्गत रहि खर्च गर्नुपर्ने उल्लेख छ।पालिकाले सो विपरित निम्न खर्चहरु फरक खर्च शिर्षकबाट खर्च लेखेको नियम सम्मत नदेखिएको

गौ.भौ.न मिति	लेख्नुपर्ने शिर्षक	लेखेको शिर्षक	रकम
३।२०८०।६।२८	पारिश्रमिक	पशुधन वागवानी	८६८४९६
३७।२०८०।९।१८	प्रोत्साहन भत्ता	सेवा परामर्श	२०५८३४
१५५।२०८१।२।१६	पारिश्रमिक	पशुधन तथा बागवानी खर्च	८०८४६५
१६३।२०८१।३।१३	पारिश्रमिक	पशुधन तथा बागवानी खर्च	४८१९५७
१९८।२०८१।३।१३	औषधी खरिद	पशुधन तथा बागवानी खर्च	३६५०८०
जम्मा			२७२९८३२

अनियमित भएको	२७,२९,८३२

४७ **पारदर्शिता र जवाफदेहिता:**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ बमोजिम स्थानीय तहले लाग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया सम्बन्धी स्थानीय सामाजिक संघसंस्था तथा गैर सरकारी संस्थाको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र सो सम्बन्धि सूचना स्थानीय एफ.एम. लगायत संचार माध्यमहरुबाट प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामावली स्थानीय तहले आफ्नो वेभसाईटमा राख्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले सो बमोजिम कार्य गरेको देखिएन।

४८ **सामाजिक सुरक्षा :**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैंक मार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए संघिय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। लेखापरीक्षणको क्रममा बैंकमा निकासा भएको रकममध्ये रु ३५३२४८। कृषि विकास बैंकमा बाँकी रहेको देखिन्छ। वैंकमा सामाजिक सुरक्षा भत्ता वितरण गरेर बाँकी रहेको उक्त रकम संघिय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु. ३५३२४८।

असुल गर्नुपर्ने	३,५३,२४८

४९ **विल भरपाई वेगर भुक्तानी**

गो.भौ.नं. ३२।२०८०।०३।२१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई र प्रमाण कागजात राखि लेखा राख्नुपर्ने व्यवस्था छ। पालिकाले कृषि प्रसार खाद्य सुरक्षा कार्यक्रमको लागी रु.३५०००० विउविजन खरिद गरी भुक्तानी गरेको सम्बन्धित लाभग्राहीलाई वितरण गरेको भरपाई पेस नभएकोले वितरण गरेको भरपाई पेस गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	३,५०,०००

५० **कर कट्टी वेगर भुक्तानी**

कर कट्टी वेगर भुक्तानीः गो.भौ.नं. १६।२०८१।०३।११ आय कर ऐन, २०७७ को परिच्छेद १७ को दफा ८७ (१) मा आयको गणना गर्दा त्यस्तो आयको कर कट्टी गर्नुपर्नेमा महिला स्वयसेविका प्रोत्साहन वापत ३६ जनालाई १०००० का दरले भुक्तानी गर्दा १ प्रतिशतले सा.सु. कट्टी गर्नुपर्नेमा कट्टी नगरी भुक्तानी दिएको हुँदा असुल गर्नुपर्ने रु

नाम	प्रदेश सरकारवाट एक मुष्ट वार्षिक दर	संघीय सरकारवाट मासिक रुपमा जम्मा वार्षिक	गाँउपालिका बाट मासिक रुपमा जम्मा वार्षिक	सबै जम्मा	कर कट्टी १% असुली रकम
शिला बस्नेत	१००००	१२०००	१८०००	४००००	४००
बिष्णुदेवी बोहरा	१००००	१२०००	१८०००	४००००	४००
नन्दसरा पुन	१००००	१२०००	१८०००	४००००	४००
डुमी पुन	१००००	१२०००	१८०००	४००००	४००
सुन्तोला ज्योती	१००००	१२०००	१८०००	४००००	४००
क्वाली घर्ती	१००००	१२०००	१८०००	४००००	४००
निर्मला वि.क.	१००००	१२०००	१८०००	४००००	४००
अम्बिका गिरी	१००००	१२०००	१८०००	४००००	४००
दीलमाया नेपाली	१००००	१२०००	१८०००	४००००	४००
ललिता नेपाली	१००००	१२०००	१८०००	४००००	४००
कल्दरी रोकाय	१००००	१२०००	१८०००	४००००	४००
देवी गिरी	१००००	१२०००	१८०००	४००००	४००
पुर्णिमा बुढा	१००००	१२०००	१८०००	४००००	४००
हिरादेवी रोकाय	१००००	१२०००	१८०००	४००००	४००
मैसरी रोकाय	१००००	१२०००	१८०००	४००००	४००
कमला बोहरा	१००००	१२०००	१८०००	४००००	४००
ममता सिंह	१००००	१२०००	१८०००	४००००	४००
लक्ष्मी सिंह	१००००	१२०००	१८०००	४००००	४००
राधिका उपाध्याय	१००००	१२०००	१८०००	४००००	४००
तुल्सी सिंह	१००००	१२०००	१८०००	४००००	४००
गिता सिंह	१००००	१२०००	१८०००	४००००	४००
चिन्ता शाह	१००००	१२०००	१८०००	४००००	४००
राममाया सिंह शाही	१००००	१२०००	१८०००	४००००	४००
लालमती थापा	१००००	१२०००	१८०००	४००००	४००
देवी कार्की	१००००	१२०००	१८०००	४००००	४००
खम्बदरी चलाउने	१००००	१२०००	१८०००	४००००	४००
कृष्ण मल्ल	१००००	१२०००	१८०००	४००००	४००
ईन्द्राकुमारी बस्नेत	१००००	१२०००	१८०००	४००००	४००

कञ्चना वि.क.	१००००	१२०००	१८०००	४००००	४००
शान्ती रावल	१००००	१२०००	१८०००	४००००	४००
कल्पना वोहरा	१००००	१२०००	१८०००	४००००	४००
निर्मला खत्री	१००००	१२०००	१८०००	४००००	४००
शर्मीला वि.क.	१००००	१२०००	१८०००	४००००	४००
पार्वती सिंह	१००००	१२०००	१८०००	४००००	४००
प्रेमकला महतारा	१००००	१२०००	१८०००	४००००	४००
जम्मा	३६००००	४३२०००	६४८०००	१४४००००	१४०००

असुल गर्नुपर्ने	१४,०००

५१ **राहातमा खाजा खाना**

२०८०।९।२५ भुकम्पमा प्रभावित नागरिकलाई राहात उद्धारमा खटिएका कर्मचारीहरुलाई खाजा खाना नास्ता कार्यालयबाट व्यहोर्ने ०८०।८।३० को कार्यपालीकाको निर्णय अनुसार निम्न अनुसार रकम भुक्तानी गरेको पाइयो। भुक्तानी साथ राहात उद्धारमा खटिएको कर्मचारीहरुको नामावली र हाजीरी पेश हुन कार्यालय समय अगाडी र पछाडी काम गरेको प्रमाण खुलाई भुक्तानी दिनुपर्नेमा सो वेगर एउटै विक्रेताको प्यान विल राखी पटक पटक विल भुक्तानी गर्दा खर्चको प्रयोजन खुलाएको पाइएन।अतः प्रत्येक विलमा खाना खाजा खाएको अवधि र कर्मचारीको हाजिरी समेत खुलाई पेश गर्नुपर्ने रु

सि नं	होटेलको नाम	मिति	विवरण	रकम
१	देउती होटल लिम्सा	०८०।८।१८	खाना १३०	१९५००
२	देउती होटल लिम्सा	०८०।८।१८	खाना१८।मासु१८	५४००
३	देउती होटल लिम्सा	०८०।८।१३	खाना७०।मासु४५	१७२५०
४	देउती होटल लिम्सा	०८०।८।१३	खाना १३०	१९५००
५	देउती होटल लिम्सा	०८०।८।१३	खाजा नास्ता	१९०००
६	देउती होटल लिम्सा	०८०।८।१९	विभिन्न १५ आइटम खाना	१२५४०
७	विप्रेणा होटल लिम्सा	उल्लेख नभएको	विभिन्न ७ आइटम खाना	१९२४०
८	विप्रेणा होटल लिम्सा	उल्लेख नभएको	खाना खाजा मासु	१९०५०
	जम्मा			१३१४८०

प्रमाण पेश नगरेको	१,३१,४८०

५२ **प्रकोप व्यवस्थापन कोष**

भूकम्पबाट प्रभावित घरपरिवारलाई अस्थाई आवास निर्माण अनुदान कार्याविधि,२०८० अनुसार भूकम्पका कारण निजी आवास पूर्ण रुपले क्षति भएका तथा बसोबास गर्न योग्य नरहेका घरपरिवारलाई अस्थाई टहरा निर्माण गरिने व्यवस्था रहे बमोजिम, बारेकोट गापा को रामीडाँडा केन्द्र विन्दु भएर २०८०।७।१७ मा गएको भूकम्पमा पूर्ण क्षति भएका तथा बसोबास गर्न योग्य नरहेका घरपरिवारलाई अस्थाई टहरा निर्माण गर्नको लागि जिल्ला प्रशासन कार्यालय जाजरकोटबाट प्रति परिवार ५०००० को दरले रु १३९६५००००।मिति २०८०।८।२० मा प्राप्त भएकोमा रु१२७७२५११३। खर्च भई रु ११९२४८८७। बाँकी रहेको पाईयो। प्राविधिक सहितको टोलीवाट क्षति संकलन गरी स्थानीय विपत व्यवस्थापन समितिको २०८०।७।२० को वैठकको निर्णय अनुसार ५५८६ जनालाई अस्थाई घर टहरा निर्माण गर्नुपर्ने देखिएकोमा सर्वाङ्गीण विकास केन्द्र र रुकुम पूर्वले ५० घर धुरी र स्टार फण्ड गैर सरकारी संस्थाको सहयोगमा हेन्डीक्याम्प इन्टरनेशनल पिपुल इन निडले क्रिडाम नेपालको साझेदारीमा २१० घर निर्माण भएको उल्लेख छ। वाँकी ५३२६ मध्ये २१४ सम्पर्कमा नआएकोले ५११२ लाई प्रथम किस्ताका लागि रु २५००० का दरले रकम माग गरेकोमा बैक खातामा जम्मा गरिदिएकोमा ३ जनाले रकम वुझि नलगि फिर्ता भएकोले १२७७२५११३। खर्च लेखेको पाइयो। दोस्रो किस्ता मध्ये ३५१ जनालाई २०८१।४।२९ गते रु ८७७५००० भुक्तानी दिए पनि ४७५८ जनालाई रु ११८९५००००। दिन सकेको पाइएन।

५३ **राहात तथा पुनर्स्थापना कार्यक्रम**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमवाली २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्च पुष्टि गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ।राहात उद्धारका सामाग्री जिल्ला विपत केन्द्र जाजरकोट खलंगा देखि गाउँपालिका र गाउँपालिका वाट विभिन्न स्थानमा सम्म ढुवानी गरेको भाडा रु १३२९३९२ भुक्तानी गरेको पाइयो। ढुवानी भाडा भुक्तानी गर्दा ढुवानी गरिएको सामानको विवरण र परिमाण ढुवानी गरेको खुलाई स्वीकृत दर बाट सम्बन्धित सवारी धनीलाई भुक्तानी गर्नुपर्दछ। तर सामानको विवरण नखुलाई सवारी धनीलाई भुक्तानी गरेको रु

गो.भौ.नं	मिति	रकम
१३	२०८०।११।२१	१२१५००
८	२०८०।९।२५	१०८०००
१	२०८०।९।२	१०९९८९०
जम्मा		१३२९३९०

प्रमाण पेश नगरेको	१३,२९,३९०

५४ **भरपाई नभएकोः**

७०।२०८०।११।१५ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ अनुसार सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च लेख्न वा भुक्तानी दिन आवस्यक विल भर्पाई र कागजात संलग्न भए वा नभएको जाँच गर्नु पर्ने उल्लेख छ । पालिकाले लाभग्राही समुदायलाई वितरण गर्न भनी मोर्डन विउ प्याकेजिङ उद्योगबाट रु. ४३७९०० को बीउविन खरिद गरेकोमा सम्बन्धित लाभगाही समुहलाई वितरण गरेको भरपाई पेस नभएकोले लाभग्राहीसमुहलाई वितरण गरेको भरपाई पेस हुनुपर्ने रु.

विवरण	परिमाण	दर	रकम
काउली	३५०	४२५	१४८७५०
बन्दा	३५०	३४५	१२०७५०
काक्रा	३००	३५०	१०५०००
मुला तिनआली	५००	२५	१२५००
सिमी चौमासे	५००	४५	२२५००
खुर्सानी	४००	४५	१८०००
रायो मार्फा	४००	२६	१०४००
	जम्मा.		४३७९००

प्रमाण पेश नगरेको	४,३७,९००

५५ **सडक मर्मत कार्यः**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ (२) मा प्रतिस्पर्धालाई सीमित गर्ने गरी खरिद गर्न नहुने, दफा ८५ (१ ख) मा तोकिएको सीमाभन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थावाट एकपटक भन्दा बढी सोझै खरिद गर्न नपाइने कानुनी व्यवस्था रहेकोमा पालिकाले एउटै खरिद प्याकेजबाट खरिद गर्न सकिने मालसामान तथा सेवामा पाँचलाख भन्दा बढी वा कमका टुक्रा बनाई खरिद गरेको छ।उल्लेखित उस्तै प्रकृतिका सामानको लागत टुक्रा पारी खरिद गरेको देखिएकाले कानुनमा भएको व्यवस्थाको पालना भएको देखिएन।सार्वजनिक खरिद ऐनमा भएको व्यवस्थाको पालना गरी खरिद कार्य गरिनु पर्दछ ।

गौ.भौ.न मिति	योजना	सप्लार्यस ।फर्म	भुक्तानी रकम
	सडक निर्माण तथा मर्मत गर्ने कार्य वडा न. ,,६,७,, ९	बागेश्वरी किरण निर्माण सेवा	९७१२५६
२९।२०८०।९।२	सडक निर्माण तथा मर्मत गर्ने कार्य वडा न. १,२,३,,८,	विजय निर्माण सेवा	६०५७६९।६१
३०।२०८०।९।२	सडक मर्मत खर्च वडा न २,५,९	रमण निर्माण सेवा	५७०७७५।४१
	जम्मा		२१४७८०१।०२

५६ **गाउँपालिका डिजिटाइजेसन परियोजनाः**

५१।२०८०।९।३५ नव प्रवर्तन साझेदारी कोष अन्तर्गत हाम्रो गाँउपालिका डिजिटाइजेसन परियोजना कार्यान्वयका लागी मिति २०७९।२।२४ मा प्रदेश कार्यक्रम कार्यान्वियन इकाई वीरेन्द्रनगर सुर्खेत र गाउँपालिका बिच कुल लागत २ करोड २लाख ४० हजारमा नवप्रर्तन साझेदारी कोषबाट १ करोड एकचालीस अठसठ्ठी हजार र पालिकाबाट साठी लाख ७२ हजार व्यहोर्ने गरी २०७९।२।२४ देखि २०८०।३।३० मा सम्पन्न गर्ने गरी सम्झौता भएको पाइयो। सम्झौतामा उल्लेख गरिएको कार्यक्रमहरु मध्ये सूचना अभिलेख स्थापना कार्यको लागी शिलबन्दी दरभाउपत्रको लागी २०८०।०२।१२ गते सूचना प्रकाशन गरिएकोमा प्रस्ताव नपरेकोले र पुन २०८०।०३।१५ गते कोटेशन मार्फत प्रस्ताव गर्दा इन्फ्रासफ्ट सोलुसन प्रा . लि सँग २०८०।३।२४ भित्र रु. १८३७३८० मा कार्य सम्पन्न गर्ने गरी मिति २०८०।३।२० मा सम्झौता भएको पाइयो।प्रतिकुल मौसमको कारण र सडक अवरुद्ध भई आषाढ २४ गते भित्र सामान हुन नसेकेकोले नवप्रर्तन साझेदारी कोषको अनुदान फ्रिज भएको पाइयो।पालिकाले सम्झौतामा उल्लेख भए अतिरिक्त भौ नं ५५। २०८०।१०।८ मा रु ४८५३३५ को थप सामान खरिद गरी यस वर्ष गत बर्षको समेत रु. २३२२७१५ सप्लार्यसलाई भुक्तानी गरेको पाइयो।पालिकाबाट सूचना अभिलेख केन्द्र स्थापनाको लागी खरिद भएतापनि लेखापरीक्षण अवधिसम्म सूचना अभिलेख केन्द्र स्थापना भएको पाइएन।पालिकाले जुन प्रयोजनका लागी खरिद गरेको हो सो अनुसार कार्य भएको देखिएन। पालिकाले सूचना अभिलेख स्थापना केन्द्र स्थापना गरी संचालन गर्नुपर्दछ।

५७ **खेलमैदान निर्माणः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७मा उपभोक्ता समिति(४) लाई निर्माण कार्य वा सेवाको काम दिंदा लागत अनुमानमा रहेको मूल्य अभिबृद्धिकर,ओभरहेड,कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर भुक्तानी दिनुपर्ने व्यवस्था छ। भौचर नम्बर ५२।२०८०।०९।२५ बाट सीता मा.वि कार्की ज्युला खेलमैदान निर्माण उपभोक्ता समितिलाई भुक्तानी गर्दा प्राविधिक मूल्याँकन ६२८३८७।६८ भएकोमा सम्झौता अनुसार जनसहभागीको अंश र कन्टिजेन्सी कट्टा गरी रु ४८०००० भुक्तानी दिनुपर्नेमा रु ४९७८०८ भुक्तानी दिएकोले बढी भुक्तानी दिएको रु.१७८०८ असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१७,८०८

५८ **सभाहल व्यवस्थापनः**

११०।२०८०।१२।२२ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २४ को उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने गरी र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नुपर्ने उल्लेख छ।पालिकाको सभाहल व्यवस्थापनको लागी डिम्स इन्टरनेसनल बाट सभाहलको लागी ५५ थान कुर्सी (बस्ने र सामान राख्ने सहित भ्याटसमेत प्रति थान रु.१६३८५ गरी रु.९०११७५ खर्च लेखेको छ।पालिकाले खर्च गर्दा आवश्यकता र औचित्यका आधारमा मितव्ययी तरिकाले खर्च गर्नुपर्दछ।

५९ **सम्झौताको पालना नभएकोः**

पालिका र उपभोक्ता समिति भएको सम्झौताको बुदाँ १४ मा आयोजनामा निर्माणमा प्रयोग हुने गैर स्थानीय निर्माण साम्रगीहरु कार्यालय मार्फत खरिद गरी उपभोक्ता समितिलाई उपलब्ध गराइने भनी उल्लेख भएकोमा नमुना छनौट गरी परीक्षण गर्दा देहायबमोजिको कार्यमा प्रयोग हुने गैर स्थानीय निर्माण साम्रगीहरु कार्यालयमार्फत खरिद नगरी उपभोक्ता समिति मार्फत खरिद गरी भुक्तानी भएको पाइयो। सम्झौतामा उल्लेख भएबमोजिम कार्य गरी पालिकाले उपभोक्ता समितिमार्फत कार्य गराउनुपर्दछ।

गौ.भौ.न	**उपभोक्ता समितिको नाम**	**सम्झौता मिति**	**प्राविधिक मूल्याँकन**	**प्रयोग भएको गैरस्थानीय साम्रगीको मुल्य**	गैरस्थानीय साम्रगी
१०६।२०८०।१२। २० गा पा पूजिगँत	दोविल्ला देखि ठाटीचौर सम्म सडक सम्म सडक ट्रयाक ओपन निर्माण उपभोक्ता समिति	२०८०। ११।२०	१७०८२७२। ६३	१५५३३५०	एक्साभेटर प्रयोग गरेको
१३०।२०८१।१।१७ गा पा पूजिगँत	तल्लो काप्ति हुदै माथि काप्ति सुवाखोला सडक	२०८०। ११।१५	९७८०४४। २१	७७१०१०	एक्साभेटर प्रयोग गरेको
१६०।२०८१।१२। २५ गा पा पूजिगँत	भगवती आ बि देखि एकीकृत वस्ती सडक निर्माण	२०८०। १२।०६	६५८९९२। ६७	३३००००	एक्साभेटर प्रयोग गरेको
५।२०८१।३।१६ प्रदेश पूजिगँत	वडा न. को ब्यारीधारा छिरिगें खोला हुदै वल्लेपाट सम्म गोरेटो बाटो निर्माण उ.स	२०८०। ११।१६	१२२९६४५	४३४६९४	सिमेन्ट मेस वायर लगायत

६० **बाइक खरिदः**

कुनै सवारी साधन खरिद गर्दा आवश्यक कागजात अद्यावधिक र नविकरण गरी नामसारी समेत गर्नुपर्दछ तर पालिकाले यस वर्ष खरिद गरेको निम्न मोटरसाइकल लेखापरीक्षण अवधिसम्म पनि पालिकाको नाममा नामसारी भएको नपाइएकोले नामसारी गरेको प्रमाण पेस गर्नुपर्ने रु.

भौचर नम्बर मिति	विवरण	सप्लार्यस	रकम
७१।२०८०।११।१६	पल्सर २२० सि.सि ABC	रमेश अटो सप्लार्यस एण्ड सर्भिसिङ सेन्टर	३९९८९९
७२।२०८०।११।१६	पल्सर २२० f सि.सि	असिम अटो पार्टस	४०९३३०
	जम्मा		८०९२२९

प्रमाण पेश नगरेको	८,०९,२२९

६१ **बिमाः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ ।पालिकाले तपशिल वमोजिमका ठेक्काहरुमा वीमा नै नगराइ निर्माण कार्य गराएको तथा पेश्की रकम उपलब्ध गराएको एवं तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न नसेकेको कारण उक्त लगानी जोखिममा परेको देखिन्छ । यसरी वीमा नगराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

ठेक्का नं	निर्माण व्यवसायी	सम्झौता रकम	विओक्यू मा वीमा रकम	कैफियत
BRM/NCB।WORKS 080-81-02	रमण निर्माण सेवा	३०७८९६७।५०	०	बिमा नभएको
BRM/NCB।WORKS 080-81-07	गुरुकुल बिल्डर्स एण्ड सप्लायर्स	१७२६४३५३।३२	०	बिमा नभएको
BRM/NCB।WORKS 080-81-07	ए डि विल्डर्स कम्पनी प्रा.लि	६१७०५०३३।७१	८४५३८२।७३	बिमा नभएको
EGP/BRM/NCB WORks 12 076/077 बहुवर्षिय	खानी ।धुलिखेल जे.के.जे.भी	४६२१७९९८।४२	३०००००	बिमा नभएको

६२ **हेभिइक्यूमेन्ट प्रयोगः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यतया डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइयो तर नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गरेको एंव पालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु निम्नाअनुसार छन।

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम	प्रयोग गरेको हेभी उपकरण	हेभी उपकरणमा भएको खर्च
१०६।२०८०।१२।२० गा पा पूजिगँत	दोविल्ला देखि ठाटीचौर सम्म सडक सम्म सडक ट्रयाक ओपन निर्माण उपभोक्ता समिति	सडक ट्रयाक ओपन	१४६८६०१। ९८	एक्साभेटर	१५५३३५०
१३०।२०८१।१।१७ गा पा पूजिगँत	तल्लो काप्ति हुदै माथि काप्ति सुवाखोला सडक	सडक निर्माण तथा मर्मत	७६७२७५	एक्साभेटर	७७१०१०
१६०।२०८१ ।१२।२५ गा पा पूजिगँत	भगवती आबि देखि एकीकृत वस्ती सडक	सडक निर्माण तथा मर्मत	५२६५३५	एक्साभेटर	३३००००
	जम्मा		२७६२४११। ९८		२६५४३६०

६३ **सडक स्तरउन्नतिः**

ध्यापाटाकुरा लिम्सा सडक स्तरउन्नतिको लागी खानी धुलिखेल जे.के.जे.भी संग मिति २०७९।१०।१० भित्र रु ४६२१७९९८ मा कार्य सम्पन्न गर्ने गरी मिति २०७७।३।९ मा ठेक्का सम्झौता भएको पाइयो।समयमा कार्यसम्पन्न नभइ प्रथम पटक मिति २०७९।१०।०२ मा मिति २०८०।३।३१ सम्ममा[सम्पन्न गर्ने गरी म्याद थप भएको र दोश्रो पटक २०८०।१२।१३ मा निवेदन दिएकोमा मिति २०८०।१२।१३ मा कार्यपालिकाको निर्णयअनुसार उक्त कार्यको मिति २०८१।३।३० सम्म म्याद थप भएको छ।सो सम्बन्धमा देखिएका व्यहोराहरु निम्न अनुसार रहेको छनः

क. सार्वजनिक खरिद नियामावली २०६४ को नियम ३ मा सार्वजनिक निकायले कुनै खरिद कारबाही तयारी गर्दा बमोजिम आर्थिक स्रोत र रकमको पहिचान गर्नुपर्ने उल्लेख छ।पालिका र संघीय समपुरक अनुदान बाट ५०।५० प्रतिशत लागत साझेदारी व्यहोर्ने गरी सम्झौता भएकोमा गतवर्ष सम्म २८३५०५७६।९१ को काम भएको र पालिकाबाट रु.९७९८१०१ र संघीय समपुरक अनुदानबाट रु.११४०७४४७ समेत गरी रु.२१२०५५४८ भुक्तानी भएको देखियो।यस वर्ष संघीय समपुरक अनुदान बजेट उपलब्ध नभएकोले पालिकाबाट रु.१९९९८४७ भुक्तानी गरी हालसम्म रु.२३२०५३९५ भुक्तानी भएको पाइयो।नियामावली बमोजिम आर्थिक स्रोत र रकमको पहिचान गरी स्रोतको सुनिश्चित गरी कार्य गर्नुपर्दछ।

ख. प्राविधिक मुल्याङ्कन अनुसार रु.३०३५०४२३।९ को काम सम्पन्न भएको र बजेट अभावको कारण पूरै रकम भुक्तानी हुन सकेको छैन ।हासम्म खरिद सम्झौताको ६५.६६ प्रतिशत मात्र प्रगति भएको पाइयो। सम्झौता बमोजिम निर्माण व्यवसायीलाई कार्य गर्न लगाई पालिका तथा संघ समपुरक अनुदानबाट भुक्तानी हुनुपर्ने रकम यकिन गरी ठेक्का फरफारक गर्नुपर्ने देखिन्छ।

ग.सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर कावु वाहिरको परिस्थिति भए हर्जाना नलिने गरी र निर्माण व्यावसायिको लापरवाहीले भए हर्जना लिने गरी मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले वजेट अभावको कारणले समयमा काम नसकिएको भनी ठेकेदारको माग वमोजिम पटक पटक सोही कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि वजेट व्यवस्था नगरी पनि सोही व्यहोरा दोहोरिने गरेको छ ।तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न वजेट व्यवस्था गर्ने एवं निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ ।

६४ **बोलपत्र जमानतः**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ मा उपदफा (२) को अवधिभित्र कार्यसम्पादन जमानत दाखिला गरी बोलपत्रदाता सम्झौता गर्न नआएमा निजको जमानत रकम जफत गर्नुपर्ने व्यवस्था छ।पालिकाले यस वर्ष दोविल्ला बेलिबिज्र निर्माण वडा न. १,२ को लागी इविडिङ्ग मार्फत ठेक्का गरी राजेश बाबु निर्माण सेवाले न्यूनतम १६१५२८०२।६१ मू.अ.कर सहित कबोल गरेको र मिति २०८०।१२।२१ मा सम्झौता गर्न आउनु भनी कार्यालयबाट पत्र लेखेकोमा सम्झौता गर्न नआएकोले ऐन बमोजिम निज निर्माण व्यवसायीले बोलपत्र बापत राखेको धरौटी रु ५०००० जफत गरेको पाइयो।उक्त बोलपत्र जमानत पालिकाको आन्तरिक आय खातामा आम्दानी बाध्नुपर्नेमा धरौटी खातामा जम्मा गरेको पठाइएकोले पालिककाको आन्तरिक आय खातामा जम्मा गरेको प्रमाण पेस गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	५,००,०००

६५ **संचित कोष फिर्ताः**

EGP/BRM/NCB/WORKS 01।78-79 संघीय समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ को नियम ६ मा संघीय समपूरक अनुदान बढीमा ५० प्रतिशतसम्म उपलब्ध गराउन सकिने उल्लेख छ ।अनुदान प्रदान गर्दा ठेक्का लागत घटाघटबाट आयोजनाको कुल लागत घटी हुन गएमा सोही अनुपातका आधारमा अनुदान प्रदान गरिने उल्लेख छ । त्यस्तै आयोजनाको प्रकृति, प्रदेश सरकारको प्राथमिकता, आवश्यकता, आयोजना वा कार्यक्रमबाट प्राप्त हुनसक्ने सम्भाव्य उपलब्धी लगायतको आधारमा कुल लागतको बढीमा ५० प्रतिशतसम्म रकम संघिय सरकारले समपूरक अनुदानको रुपमा प्रदान गर्नसक्ने उल्लेख छ ।पालिकाले लिम्सा दह सडक स्तरोन्नति कार्यका लागि यस आर्थिक वर्ष जम्मा खर्च रु.२२८०११८३ खर्च गरेकोमा कार्यविधि बमोजिम पालिकाबाट रु. ११४००५९१।५ र संघीय समपुरक अनुदानबाट रु. ११४००५९१।५ खर्च लेख्नुपर्नेमा संघीय समपुरक अनुदानबाट रु.१८८०११८३ भुक्तानी गरेको र पालिकाबाट कार्यविधिबमोजिम जम्मा खर्च रु.२२८०११८३ को ५० प्रतिशत रु. ११४००५९१।५ खर्च लेख्नुपर्नेमा रु.४०००००० मात्र खर्च लेखेकोले घटी खर्च लेखेको एवं संघीय कोषबाट बढी खर्च लेखेको रु ७४००५९१ संघीय कोषमा फिर्ता गरेको प्रमाण पेस हनुपर्ने रु.

प्रमाण पेश नगरेको	७४,००,५९१

६६ **मुख्यमन्त्री रोजगार कार्यक्रमः**

मुख्यमन्त्री रोजगार कार्यक्रम संचालन कार्यविधि २०७८ परिच्छेद ३ को बुदा ७ मा आयोजना संचालन गर्दा श्रमिकको ज्याला तथा साम्रगी लागत अनुपात अनूसूची ५बमोजिम हुने व्यवस्था छ। पालिकाले मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत देहायबमोजिको काम गर्दा कार्यविधिले तोकेको श्रमिकको ज्याला तथा साम्रगीको लागत अनुपात नमिलाई खर्च गरेको देखिएकोले उक्त अनुपात नमिलेको खर्च नियम सम्मत मान्न नसकिएको रु.

गौ.भौ.न मिति	कार्यक्रमको नाम	कामको विवरण	प्राविधिक मूल्याँकन	कार्यविधि अनुसार श्रमिक र साम्रगी अनुपात प्रतिशत	कार्यविधि अनुसार श्रमिकमा खर्च लेख्न पाउने रकम	लेखेको रकम	बढी रकम
५। २०८१। ३।१६	वडा ८को ब्यारीघाट छीरिगे हुदै वल्लेपाट सम्म गोरेटो बाटो निर्माण पक्की सडक निर्माण	पक्की सडक निर्माण	१२२९६४५	५०।५०	६१४८२२।५	७९४९५१	१८०१२९
७। २०८१। ३।१७	हरिहर आधारभुत विद्यालय भवन निर्माण	विद्यालय भवन निर्माण	१४९२२०८।८९	५०।५०	७४६१०४	१०९७७४०	३५१६३६
८। २०८१। ३र१८	कोटिला देखि सिरारी सिंचाई योजना बारेकोट	पक्की सिंचाई कुलो निर्माण	१४३०४९२	५०।५०	७१५२४६	७५५३६०	४०१२२
९। २०८१। ३।१९	पोरीवन पर्यटकीय रक गार्डेन निर्माण वडा न ४	पर्यटन पूर्वाधार	१४६०७६७	६०।४०	८७६४६०।२	११२६२०५	२४९७४६
११। २०८१। ३।१९	शान्ति प्राथमिक विद्यालय २ कोठे भवन निमाण	भवन निर्माण	१४९१९९९	५०।५०	७४५९९९।५	१०८१०४४	३३५०४२
जम्मा							११५६६७५

अनियमित भएको	११,५६,६७५

६७ **सोलार खरिदः**

३३।२०८१।३।२२ सार्वजनिक खरिद नियमावलीको नियम १२३ उपनियम १ को खण्ड ख बमोजिम नापजाँच पश्चात नापी किताबमा भएको वास्तविक कार्यसम्पादन परीमाणका आधारमा मात्र खर्च तथा भुक्तानी लेख्न मिल्ने व्यवस्था रहेको छ।पालिकाले सि.एन.टेक सप्लायर्सबाट रु.९९६४८२ बराबरको आधारभुत अस्पताल लिम्सा ल्यावको लागी खरिद भएको ८ थान सोलार तथा ब्याट्री लगायतको सामान जडान नभएको साथै खरिद भएका सोलार नवीकरणीय उर्जा प्रविधिमा प्रयोग हुने उपकरण तथा तिनका पार्टपूर्जाहरुको गुणस्तर परीक्षण वैकल्पिक प्रवर्द्धन केन्द्रबाट गराउनुपर्नेमा सो समेत नगरेको रु

प्रमाण पेश नगरेको	९,९६,४८२

६८ **जटिलसंरचना निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, , लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु निम्नअनुसार रहेका छन् ।

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम
१०६।२०८०।१२।२० गा पा पूजिगँत	दोविल्ला देखि ठाटीचौर सम्म सडक सम्म सडक ट्रयाक ओपन निर्माण उपभोक्ता समिति	सडक ट्रयाक ओपन	१४६८६०१।९८
७।२०८१।३।१७ प्रदेश पूजिगँत	हरिहर आधारभुत विद्यालय भवन निर्माण वडा न ७	विद्यालय भवन निर्माण	१४९२२०८
११।२०८१।३।१९प्रदेश पूजिगँत	शान्ति प्राथमिक विद्यालय २ कोठेभवन निर्माण	विद्यालय भवन निर्माण	१४९९९।७५
१४।२०८१।३।२१ प्रदेश पूजिगँत	हिमालयन नवदेव प्रा वि भवन उ स	विद्यालय भवन निर्माण	१४६९४६४।१५

६९ **सम्झौता विपरित पेश्कि दिएकोः**

दोविल्ला बेलिबिज्र BRM/NCBWORKS 080।81 -07 को निर्माण कार्यको लागी गुरुकुल विल्डर्स एण्ड सप्लार्यस प्रा.लिसँग १७२६४३५३।३२ मू.अ.कर र पिएस सहित कबोल गरी ठेक्का सम्झौता गरेको पाइयो। सम्झौताको SCC को ४९.१ बमोजिम खरिद सम्झौता भएपश्चात १० प्रतिशत र थप १० प्रतिशत कामको सन्तोषजनक कार्यान्वियन पछि पेश्की दिन सकिने व्यवस्था भएकोमा पालिकाले बेलिबिज्रको सामान खरिद गर्नको लागि गौ.भौ ३।२०८१।२।२७ बाट थप १० प्रतिशत रु. १५३०००० पेश्की दिएको छ। कामको सन्तोषजनक कार्यान्वियन पछि मात्र दिन सकिने पेश्की काम नगरी सम्झौता विपरित पुल निर्माणका लागी अन्य Earth work in Excavation, Providing and laying of Plain Cement Concrete लगायतका कार्य बाँकी रहेको अवस्थामा दिएको उचित देखिएन।

७० **खारा बेली बिज निर्माण सामान ढुवानीः**

१०७।२०८०।१२।२१ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २४ को उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने गरी र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नुपर्ने उल्लेख छ।खारा बेलीविज्र निर्माण सामान ढुवानी गरे बापत नेपाल प्रगति निर्माण सेवालाई रु.९९५५२७ भुक्तानी दिएको पाइयो। संघीय सरकारबाट प्राप्त भएको ९३१७८ के जी बराबरको बेलीबिज्र निर्माण साम्राग्री प्रदेश पूर्वाधार कार्यालयको कार्यक्षेत्रमा रहेको र प्रदेश कार्यालयबाट हस्तान्तरण नभएको अवस्थामा पूर्वाधार कार्यालयले नै जडान समेत गर्नुपर्ने भएकोले पालिकाले आफनो कार्यक्षेत्र भन्दा बाहिर गई ढुवानी गरी भुक्तानी गरेको औचित्यपूर्ण देखिएन। उक्त कार्य गर्दा ढुवानी नगरेको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	९,९५,५२७

७१ **स्थानीय पूर्वाधार सहयोग कार्यक्रम**

७१.१ सार्वजनिक खरिद ऐन २०६३ को दफा ४ मा सार्वजनिक निकायले मालसामान निर्माण कार्य वा सेवा खरिद गर्नुअघि आवश्यकताको विवरण तयार पारी खरिद गर्नुपर्ने व्यवस्था छ।पालिका र स्थानीय पूर्वाधार सहयोग कार्यक्रम सँग साझेदारी गरी संचालित आयोजनाहरुमा खरिद भएको निम्न साम्रागीहरु प्रयोगमा नआई वडा कार्यालयमा मौज्दात रहेको पाइएकोले मौज्दातमा रहेको सामानहरु खपत गरेर मात्र थप खरिद गर्नुपर्दछ।पालिकाले आवश्यकताको पहिचान नगरी खरिद गर्दा अनावश्यक मौज्दात रहेको पाइएकोले सामान खपत भएपछि आवश्यकताको आधारमा मात्र खरिद गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

योजनाको नाम	**मौज्दातमा रहेका साम्रगीहरु**	**रकम**
ग्रागा खोला लघु जलविद्युत मर्मत आयोजना वडा न .३	सरिया ११० के.जी	१३६६३
कुजेखोला रोकाय गाँउ सडक मर्मत आयोजना वडा न.२	सरिया १८५ के.जी	२३०५८
	जाली (1.5.1.1)	९२४११
	जाली (2.1.1)	१२०९८
	सरिया २०३०के.जी	२४३१५३
	जम्मा	३८३३८३

७१.२ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ को दफा २८ (१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको जिन्सी मालासामान सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ। पालिका र स्थानीय पूर्वाधार सहयोग कार्यक्रम सँग साझेदारी गरी संचालित आयोजनाहरुको लागी आवश्यक पर्ने सुरक्षा तथा निर्माण औजारहरु खरिद गरी ६ वटा आयोजनाहरुको लागी भौचर नम्बर १६।२०८१।१।१४ बाट रु.७३६९०७ खरिद गरी आयोजनाहरुलाई भुक्तानी गरेको पाइयो।आयोजना सम्पन्न भएपछी खरिद भएका सामानहरु के कति टुट फुट भए, के कति मौज्दातमा रहेको छ भनी विवरण तयार गरेको पाइएन। पालिकाले खरिद गरेको उक्त साम्रगीहरुको विवरण यकिन गरी पालिकाममा आम्दानी बाध्नुपर्ने देखिन्छ।

७२ **१५ शैय्या अस्पतालः**

७२.१ ठेक्का नं (EPG / NCB/BRM WORKS / ०१/ ०७७/७८) बाट अस्पताल भवन निर्माण गर्न मिति २०७८।३।१४ मा निमार्ण व्यवसायी खानी/धुलिखेल/जे.के.जे.भी. काठमाडौंसँग रु १८,३९,४९,२०६।६२(मूअकर समेत) को सम्झौता भएकोमा २०७८।३।१४ मा शुरु भई २०८०।३।१४ मा सम्पन्न गर्नुपर्नेमा उक्त समयावधिमा सम्पन्न हुन नसकि पहिलो पटक २०८०।२।३० को निर्णयानुसार २०८०।३।१५ देखि १ वर्षसम्मका लागि म्याद थप गरेको पाइयो। दोस्रो पटक २०८०।२।१० मा मिति २०८१।३।३१ देखि २०८१।३।२ सम्म कार्यपालिकाबाट म्याद थप भएको छ। गतवर्ष रु २,६१,३८,९९२ भुक्तानी भएको यस वर्ष भौचर नम्बर ९।२०८०।११।१६ बाट रु.३४९०९८०।५१ समेत गरी रु.२९६२९९७२।५१ अर्थात सम्झौता रकमको १६.२० प्रतिशत मात्र भुक्तानी भएको पाइयो । उक्त कार्यको भौतिक प्रगति १६ प्रतिशत मात्र भएको विवरण पेश भएको छ। समयमै आवश्यक रकमको व्यवस्था गर्ने र समयमै कार्यसम्पन्न गरी जनतालाई स्वास्थ सेवामा सुविधा पुर्याउने कुरामा पर्याप्त ध्यान दिनुपर्ने देखिन्छ।यस सम्बनधमा देखिएका अन्य व्यहोराहरु निम्न अनुसार रहेका छन्

७२.२ सार्वजनिक खरिद नियामावली २०६४ को नियम ११०(४) अनुसार बोलपत्र दाताले पेश गरेको कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौता उल्लेखित निर्माण कार्यको त्रुटी सच्चाउने दायित्व भएको अवधिभन्दा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ। निर्माण कार्यको तोकिएको समयमा सम्पन्न नभई निर्माण व्यवसायीले २०८०।२।१० मा निवेदन दिई २०८१।३।२ सम्म म्याद थप भएकोमा नियमावली बमोजिम को निर्माण कार्यको त्रुटी सम्पादन वा हस्तान्तरण गर्नुपर्ने अन्तिम अवधि वा वारेन्टीको अवधि भएको अवधिभन्दा एक महिना बढी २०८२।४।२ सम्म कार्यसम्पादन जमानत रु.९२००००० को म्याद थप हुनुपर्नेमा मिति २०८१।३।८ सम्म मात्र म्याद भएकोले मिति २०८२।४।२ सम्मको म्याद भएको बैङ्ग जमानत पेस गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	९२,००,०००

७२.३ सार्वजनिक खरिद ऐन २०६३ को दफा ५२(क) १मा सार्वजनिक निकायले खरिद सम्झौता पश्चचात निर्माण व्यवसायीबाट अग्रिम बैङ्क जमानत लिई खरिद सम्झौता रकमको बीस प्रतिशत नबढ्ने गरी पेश्की दिन सकिने व्यवस्था छ।पालिकाले उपलब्ध गराएको विवरण अनुसार उक्त निर्माण कार्यको लागी रु.२६१८८४२४ पेश्की उपलब्ध गराएकोमा हासम्म पेश्की रु. ८०९०४२४ फस्यौट भई रु.१८०९८००० बाँकी रहेको छ।उक्त पेश्कीको म्याद मिति २०८१।३।८ सम्म रहेको र ऐन बमोजिम अग्रिम बैङ्क जमानत लिनुपर्नेमा लेखापरीक्षण अवधिसम्म पनि अग्रिम बैङ्क जमानत पेस भएन।अग्रिम बैङ्क जमानत नलिई पेश्की दिने कार्यले उक्त पेश्की जोखिममा परेको छ।म्याद नाघेको उक्त पेश्की असुल फस्यौट गर्नुपर्ने

पेश्की	१,८०,९८,०००

७२.४ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुन: सोही व्यहोरा दोहोरिने गरेको छ ।तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न वजेट व्यवस्था गरी निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ ।

७३ डीपीआर खर्च

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

क्र सं	कार्यक्रमको नाम	परामर्शदाता	स्वीकृत वजेट	खर्च रकम	अध्ययनबाट निर्धारण भएका आयोजनाको लागत
१	दह चाखुरे जुम्ला सडक	सिम्रिक इन्जिनियरीड कन्सल्टेन्सी	१९२८	१८६२	४८३४१
२	दह सडक पुल	सुगी कन्सल्टेन्सी	१२४४	१२४४	४८३०९
३	वालुवा गिटी आइ इ इ	सिद्धमाइ इन्जीनियरड कन्सल्टेनसी	४९९	४९७	३०९२
4	रागावाचिला मन्दिर	क्रिप्सन इन्जीनियरड कन्सल्टेनसी	१२९२	११९९	२८७७

डि.पि.आर. निर्माण गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।

७४ शिक्षक दरवन्दी र पदपूर्ति

शिक्षक दरवन्दी र पदपूर्ति - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

बिधालय संङख्या	शिक्षक दरबन्दी	स्थायी पदपुर्ती	करार पदपुर्ती	बिधार्थी संङख्या
५३	१३२	१३२	५८	९५४४

यस सम्बन्धमा निम्नानुसार व्यहोरा देखिएको छ ।

५३ विद्यालयमा १३२ दरबन्दी रहेकोमा ५८ जना करारमा शिक्षक रहेको देखिन्छ। दरबन्दी अनुसारको शिक्षक पदपुर्ती हुनुपर्दछ।

विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएको विद्यालयबाट कम भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एंव न्युन विद्यार्थी भएका विद्यालयहरु सम्भाव्यताका आधारमा मर्ज गर्नुपर्दछ ।

७५ नियमानुसारको खरिद नभएको

नियमानुसारको खरिद नभएकोः सार्वजनिक खरिद नियमावली को नियम १९ अनुसार सार्वजनिक नियकाले रु २० हजार भन्दा माथीको खरिद गर्दा मूल्य अभिवृद्धि करमा दर्ता भएकोबाट खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहायका भौचर र मितिबाट विभिन्न किसिमका दैनिक सामाग्री तथा भ्याट नलाग्ने आइटम भनी प्यान विलबाट रु २० हजार भन्दा बढी रकमको खरिद गरेको देखियो। नियमानुसार मुल्य अभिबृद्धि कर मा दर्ता भएका विक्रेतासँग मात्र कारोबार गर्नुपर्नेमा सो नगरेको पाइएकोले नियमानुसार मान्न नसकिएको रु

गो भौ नं।मिति	विवरण	भुक्तानी पाउने	भुक्तानी भएको रकम रु
२५५।२०८०।१२।८	ऐन कानूनका किताव खरिद	अल्फा स्टेशनरी स्टोर्स एण्डजनरलअर्डर सप्लायर्स, सुर्खेत	८६०७५
३२६।२०८१।३।२३	खाद्यान्न खरिद	यू एस किराना पसल	१५३०००
२७२।२०८०।१२।१४	वोलपत्र सूचना प्रकाशन	भेरी खवर मिडिया प्रा ली	१८९८४०
जम्मा			४२८९१५

अनियमित भएको	४,२८,९१५

७६ स्यानिटरी प्याड

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।पालिकाले निसान सप्लायर्सबाट १९१०१ प्याकेट स्यानिटरी प्याड रु. ४४ (मु अ कर समेत) मा खरिद गरी रु ८४०४४४ भुक्तानी गरको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

७७ करारका कर्मचारीलाई सुविधा

करारका कर्मचारीलाई सुविधाः सामान्य प्रशासन मन्त्रालयको मिति २०७४/१/२५ को परिपत्र अनुसार स्वीकृत दरबन्दी करारमा रहेका व्यक्तिलाई मात्र चाडपर्व र पोशात्क सुविधा उपलब्ध गराउने उल्लेख छ। पालिकाले दरबन्दी भन्दा बाहिरको करारमा कार्यरत निम्न व्यक्तिलाई चाडपर्व र पोशाक सुविधा गराएकोले परिपत्र विपरित भएकोले बढि व्यभार परेको रु.

सि नं	कर्मचारीको नाम	पद	चाडपर्व	पोशाक भत्ता	जम्मा भुक्तानी
१	गोपाल नेपाली	का.स	२००००	१००००	३००००
२	प्रेमकला शाही	अ.हे.व	३२९०७	१००००	४२९०७
३	हरिकला शाही	का.स	२००००	१००००	३००००
४	हरि बहादुर शाही	अ.हे.व	३२९०७	१००००	४२९०७
५	शारदा बुढा	अ.न.मी	३२९०७	१००००	४२९०७
६	धन बहादुर बस्नेत	का.स	२००००	१००००	३००००
७	दान कुमारी सिंह	अ.हे.व	३२९०७	१००००	४२९०७
८	सरस्वती शाह	अ.न.मी	३२९०७	१००००	४२९०७
९	पार्वती शाही	का.स	२००००	१००००	३००००
१०	डम्बर बिक्रम कार्की	अ.हे.व	३२९०७	१००००	४२९०७
११	करिश्मा सिंह	अ.न.मी	३२९०७	१००००	४२९०७
१२	नबराज महतरा	का.स	२००००	१००००	३००००
१३	जय बहादुर नेपाली	अ.हे.व	३२९०७	१००००	४२९०७
१४	बिपना सिंह	अ.न.मी	३२९०७	१००००	४२९०७
१५	बिष्णु राज जैसी	का.स	२००००	१००००	३००००
१६	डा. रोहित मिश्र	मे.अ		१००००	१००००
१७	नविन सिंह	का.स	२००००	१००००	३००००
१८	मनमाया बुढा	अ.न.मी	२८६१०	१००००	३८६१०
१९	बिन्दु शाही	अ.हे.व	२८६१०	१००००	३८६१०
२०	कल्पना हमाल	अ.हे.व	३२९०७	१००००	४२९०७
२१	रोहित कुमारी सिंह	अ.न.मी	३२९०७	१००००	४२९०७
२२	मिना कुमारी बस्नेत	का.स	२००००	१००००	३००००
२३	बिमला रोकाय	अ.न.मी	२८६१०	१००००	३८६१०
२४	सरस्वती सिंह	अ.न.मी	३२९०७	१००००	४२९०७
२५	नानी थापा	का.स	२००००	१००००	३००००
२६	तिर्थराज शाही	अ.हे.व	२००००	१००००	३००००
२७	पदम सिंह	का.स	२००००	१००००	३००००
२८	भागुन्ते भुल	का.स	२००००	१००००	३००००
२९	पिर्थिराज ज्योति	का.स	२००००	१००००	३००००
३०	राधिका नेपाली	का.स	२००००	१००००	३००००

३१	मायादेवि रोकाय	का.स	२००००	१००००	३००००
३२	देव बहादुर बुढा	का.स	२००००	१००००	३००००
३३	धनमाया पुन ज्योती	का.स	२००००	१००००	३००००
३४	कल्पना शाही	ल्या.अ	२८६१०	१००००	३८६१०
३५	धनकुमारी नेपाली	का.स	२००००	१००००	३००००
३६	कबिता बुढा	अ.हे.व	३२९०७	१००००	४२९०७
३७	सपना बुढा	अ.न.मी	२८६१०	१००००	३८६१०
३८	बिष्णुमाया कठायत	अ.न.मी	२८६१०	१००००	३८६१०
३९	सबिता रोकाय	ना प्रा से प्रा	१००००	३२९०२	४२९०२
४०	सुनिता बुढा	ना प्रा स	१००००	२२०००	३२०००
४१	राम बहादुर नेपाली	ना प्रा स	१०००००	२२०००	३२०००
४२	सन्देश शाही	ना प्रा स	१०००००	२२०००	३२०००
४३	यज्ञ बहादुर बस्नेत	ना प्रा स	१०००००	२२०००	३२०००
४४	मनोज सिंह	ना प्रा स	१०००००	२२०००	३२०००
४५	देवराज चलाउने	ना प्रा स	१०००००	२२०००	३२०००
४६	प्रेम बहादुर शाह	ना प्रा स	१००००	२२०००	३२०००
४७	झलक केसी	ना प्रा स	१००००	२२०००	३२०००
४८	खिम बहादुर सिंह	ना प्रा स	१००००	२२०००	३२०००
४९	शक्ति बहादुर सिंह	का.स	१००००	२०७००	३०७००
५०	भिम बहादु बुढा	का.स	१००००	२०७००	३०७००
जम्मा					१७३१७५३

असुल गर्नुपर्ने	१७,३१,७५३

७८ **दरवन्दी बाहिरको करार**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८३(१) मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो कार्य बोझ, राजश्व खर्चको आकार, स्थानीय आवश्यकत्ता र विशिष्टता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा गाउँपलिका वा नगरपालिकामा विषयगत शाखा वा महाशाखा रहेको सङ्गठन संरचना कायम गर्नुपर्ने व्यवस्था छ । उपदफा (२) मा उपदफा १ बमोजिमको सङ्गठन संरचनामा हरेक वडाको सङ्गठन संरचना समेत समावेस भएको हुनुपर्ने, उपदफा ४ मा उपदफा ३ बमोजिम कर्मचारीको दरवन्दीको प्रस्ताव तयार गर्दा स्थायी कर्मचारीको लागी चाहिने तलब भत्ता, संचयकोष कट्टी रकम योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधी उपचार सम्बन्धित विदा जस्ता सेवा सुविधाको लागी लाग्ने खर्च व्यहोर्ने स्रोत समेतको विश्लेषण गरी त्यस्तो खर्च सूनिक्षित हुने गरी मात्र दरबन्दी प्रस्ताव गर्नुपर्ने, उपदफा १० मा यस दफा बमोजिम तयार गरेको संङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सभाबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ। पालिकाले ऐनको दफा ८३ को उपदफा १,२,४ बमोजिमको कार्य गरी उपदफा १० बमोजिम सङ्गगठन तथा व्यवस्थापन सर्वेक्षण सभाबाट स्वीकृत गराएको देखिएन। पालिकाले

साविकको दरबन्दीको आधारमा कार्य संचालन गरेको पाइयो। यस वर्ष पालिकाले स्वीकृत दरबन्दी भन्दा बाहिरका विभिन्न पदका ४७ जना कर्मचारीलाई वार्षिक रु. १४२३०७२८ भुक्तानी गरेको अनियमित देखिएको रु.

अनियमित भएको	१,४२,३०,७२८

७९ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(१) मा सार्वजनिक निकायले खरिद कार्य गर्दा खरिद मुल्यको आधारमा अपनाउने खरिद विधिको उल्लेख गरेको छ। सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) बमोजिम खरिद गर्दा प्रतिष्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था रहेको छ। नियमावलीको नियम ७ मा खरिदको गुरुयोजना नियम ८ मा वार्षिक खरिद योजना स्वीकृत गराई खरिद गर्नुपर्ने व्यवस्थाहरु रहेका छन। पालिकाले वार्षिक खरिद योजना बनाई सोही खरिद योजना अनुसार एकै प्रकृतिको सामाग्री खरिद गर्दा एकमुष्ट प्याकेज बनाएर सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ ले तोकेको खरिद विधी र पक्रिया पुरा गरी खरिद गर्नुपर्नेमा सो बमोजिम नगरी पटक पटक देहाय बमोजिम खरिद गरी भुक्तानी गरेको छ।

भौ नं।मिति	विवरण	भुक्तानी पाउने	रकम
११४।२०८०।८।२५	मसलन्द तथा पालिका सामाग्री	प्रेङ्का इलेक्ट्रोनिक पसल	१०७०३०
१५४।२०८०।९।२०	मसलन्द तथा पालिका सामाग्री	एस एम एस कम्प्यूटर इन्ष्टिच्यूट	१२८८७०
२०८।२०८०।११।१५	मसलन्द तथा पालिका सामाग्री	भवानी अर्डर एण्ड सप्लायर्स	१५४३००
२१२।२०८०।११।१६	मसलन्द तथा पालिका सामाग्री	भवानी छापाखाना	९६६१५
२१३।२०८०।११।१६	मसलन्द तथा पालिका सामाग्री	भवानी अर्डर एण्ड सप्लायर्स	९९५९८
२५२।२०८०।१२।८	मसलन्द तथा पालिका सामाग्री	क्वीक कम्प्यूटर सोलुसन	९९३३२
३२१।२०८०।१२।२३	मसलन्द तथा पालिका सामाग्री	सुप्रिम ट्रेड सप्लायर्स	१८४५८५
३२३।२०८०।१२।२३	मसलन्द तथा पालिका सामाग्री	भवानी छापाखाना	१९८३१५
३३३।२०८१।१।१४	मसलन्द तथा पालिका सामाग्री	शाहील सिजन स्टेशनरी एण्ड जनरल अर्डर सप्लायर्स	६७६९८५
४१८।२०८१।२।१६	मसलन्द तथा पालिका सामाग्री	एस एम एस कम्प्यूटर इन्स्टिच्यूट	७१३४०
४९२।२०८१।३।११	मसलन्द तथा पालिका सामाग्री	डम्वर वहादुर पुन	७५९८९
५०७।२०८१।३।१२	मसलन्द तथा पालिका सामाग्री	एस एम एस कम्प्यूटर इन्स्टिच्यूट	९७४००
५१४।२०८१।३।१३	मसलन्द तथा पालिका सामाग्री	क्वीक कम्प्यूटर सोलुसन	५५३७०
५४६।२०८१।३।१८	मसलन्द तथा पालिका सामाग्री	प्रेङ्का इलेक्ट्रिकल्स	१२०४२०
५८७।२०८१।३।२१	मसलन्द तथा पालिका सामाग्री	एस एम एस कम्प्यूटर इन्स्टिच्यूट	५३९००
६३१।२०८१।३।२४	मसलन्द तथा पालिका सामाग्री	क्वीक कम्प्यूटर सोलुसन	१२७६७८
६३२।२०८१।३।२४	मसलन्द तथा पालिका सामाग्री	टि डि डेकोर हाउस	८८१४०
६४२।२०८१।३।२४	मसलन्द तथा पालिका सामाग्री	नेशनल ट्रेडर्स एण्ड सप्लायर्स	७९२१३
जम्मा			२५१५०८०

८० **विल वेगर भुक्तानी**

आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावलीको नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भरपाई प्रमाण र कागजात संग्लन हुनुपर्ने व्यवस्था छ। पालिकाले तपशिल वमोजिमको गो भौ नं।मितिबाट विद्यूतको महसुल भुक्तानी गर्दा

पान विल वेगर भुक्तानी गरेको देखिएकोले विल पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

गो भौ नं।मिति	भुक्तानी पाउने	रकम
६७।२०८०।७।१७	गाग्राखोला लघु जलविधुत नहर मर्मत समिति	२४५२०
१९०।२०८०।१०।११	गाग्राखोला लघु जलविधुत नहर मर्मत समिति	१२६८०
५६९।२०८१।३।२०	गाग्राखोला लघु जलविधुत नहर मर्मत समिति	२४४६०
जम्मा		६१६६०

प्रमाण पेश नगरेको	६१,६६०

८१ **स्वकीय सचिव र सल्लाहकार**

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा स्थानीय तहका प्रमुख तथा उपप्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ति गर्ननहुने उल्लेख छ । तर गाउँपालिका अध्यक्षको स्वकीय सचिवका रुपमा श्री लोकेन्द्र सिंहलाई नियुक्त गरी श्रावण देखि पौषसम्म मासिक रु.१८ हजार का दरले र माघदेखि आषाढसम्म मासिक ३२९०२ का दरले जम्मा रु.३ लाख २३ हजार ४ सय १२ भुक्तानी गरेको तथा गाउँपालिका उपाध्यक्षको स्वकीय सचिवकारुपमा श्री नारायण सिंहलाई नियुक्त गरी मासिक रु.१५ हजार का दरले रु.१ लाख ९५ हजार भुक्तानी भएको छ । यसरी नियमावलीमा भएको व्यवस्था विपरीतको कार्यलाई नियमसम्मत मान्न नसकिएको रु.

अनियमित भएको	५,१८,४१२

८२ **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता**

समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०८० का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका शिक्षक नियुक्ति गरी समानीकरण अनुदानबाट २२९९५३३५ तलब भत्ता भुक्तानी गरेको छ।

(विस्तृत विवरण बेरूजु दफा ८२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

८३ **स्थानीय भत्ता**

अर्थमन्त्रालयको मिति २०७१/४/२ को परिपत्रानुसार २(ख) मा स्थानीय स्तरमा समितिद्धारा नियुक्ति भई सोही स्थानमा काम गर्ने कर्मचारीहरुले स्थानीय भत्ता नपाउने व्यवस्था भएको र स्थानीय स्तरमा नियुक्ति हुने कर्मचारी भन्नाले स्थानीय निकाय वा समितहरुले नियुक्ति गरी नेपाल सरकारबाट तलब सुविधा प्राप्त गर्ने कर्मचारीलाई बुझाउने उल्लेख छ।पालिकाले साविकमा जिल्ला विकास समिति बाट नियुक्ति भई संघीयता लागु भएपश्चात पालिकामा समायोजन भएको निम्न कर्मचारीहरुलाई स्थानीय भत्ता भुक्तानी गरेको पाइयो । परिपत्र विपरितको भत्ता भुक्तानी दिएकोले सो भत्ता पाउने आधार पेस गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

कर्मचारीको नाम पद	**स्थानीय भत्ता वार्षिक**
राज बहादुर सिंह	१०५६००
दुनैलाल रोकाय	६६१२०
जम्मा	१७१७२०

प्रमाण पेश नगरेको	१,७१,७२०

८४ **बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले सरीखोला महिला तरकारी तथा फलफूल कृषक समुहलाई साझा सुविधा केन्द्र निर्माण गरे वापत पाँचौं तथा अन्तिम रनिङ विलको रु ४९९०५४ भुक्तानी गर्दा इट्टाको गारोको काममा नापी किताव अनुसार भुक्तानी हुनुपर्ने भन्दा वढी भुक्तानी दिएको निम्न रकम असुल गर्नुपर्ने रु.

गो भौ नं।मिति	योजनाको नाम	कामको विवरण	भुक्तानी भएको परिमाण	हुनुपर्ने परिमाण (नापी किताव अनुसार)	फरक परिमाण	दर	रकम
२६७। २०८१।३। १२	सेरीखोला महिला तरकारी तथा फलफूल कृषक समुह	१२.५ mm सिमेन्ट प्लास्टर	१७९.७४	१६८.९८	१०.७६	४१३.६५	४४५१
		जम्मा					४४५१

असुल गर्नुपर्ने	४,४५१

८५ **मूल्य अभिवृद्धि कर कट्टी**

मूल्य अभिवृद्धि कर कट्टी – मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ ग अनुसार मू.अ.कर रकमको ३० प्रतिशत रकम कट्टा गरी सम्बन्धीत राजस्व शीर्षकमा दाखिला गर्नुपर्ने र बाँकी ७० प्रतिशत रकम सम्बन्धीत फर्मलाई नै भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा ३० प्रतिशत रकम समेत रु ५६२४६ कट्टी गरी राजस्व शिर्षकमा दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखियो । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु

गोभौनं./मिति	**भुक्तानी पाउनेको नाम**	**प्यान नं.**	**भुक्तानी रकम**	**मुअकर कर रकम**	**३० प्रतिशत रकम**
९८।२०८०।८।१७	एभरेष्ट वायरलेस नेटवर्क प्रा ली	६०३५६०३३८	५७७९९५	६६४९५	२००९५
९९।२०८०।८।१७	यरी आयल स्टोर	३००५२०८५९	८२२४६	९४६१	२८३८
२१२।२०८०।११।१६	भवानी छापाखाना	६००९८९६४६	९६६१५	११११५	३३३४
२१३।२०८०।११।१६	भवानी अर्डर एण्ड सप्लायर्स	३०५२०५०१८	९९५९८	११४५८	३४३७
३२१।२०८०।१२।२३	सुप्रिम ट्रेड सप्लायर्स	६१७५८९८४४	१८४५८५	२१२३५	६३७०
३२३।२०८०।१२।२३	भवानी छापाखाना	६००९८९६४६	१९८३१५	२२८१५	६८४४
५५०।२०८१।३।१८	वल्ड लिंक कम्यूनिकेशन	३०००७३२५०	१११८७०	१२८७०	३८६१
६३२।२०८१।३।२४	टि डि डेकोर हाउस	१२२३८७४३०	८८१४०	१०१४०	३०४२
१३९।२०८०।१२।८	भवानी छापाखाना	६००९८९६४६	१८६१६७	२१४१८	६४२५
जम्मा					५६२४६

प्रमाण पेश नगरेको	५६,२४६

८६ **प्राविधिक मुल्याङ्कन वेगर भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वास्तविक भएको कामको प्राविधिक मुल्यांकनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ।पालिकाले तपशिलका भौ नं र मितिबाट प्राविधिक मूल्याङ्कन र नाँपजाँच वेगर नै विभिन्न योजना तथा कार्यक्रमको रु ९९९३४२ भुक्तानी गरेको पाइयो।प्राविधिक मूल्याङ्कन पेश गर्नुपर्ने रु

गो भौ नं।मिति	योजना/ कार्यक्रमको नाम	विवरण	भुक्तानी भएको रकम
३३१।२०८१।३।२३	पोषण मैत्री स्थानीय तह घोषणाका लागि वहुक्षेत्रिय पोषण सेवा विस्तार कार्यक्रम	सुनौलो हजार दिनका आमाहरु लक्षित जुठ्यान निर्माण	३८६८४२
३३९।२०८१।३।२३	पोषण मैत्री स्थानीय तह घोषणाका लागि वहुक्षेत्रिय पोषण सेवा विस्तार कार्यक्रम	होर्डिङ वोर्ड निर्माण मुनलाईट आर्ट सर्भिस	६१२५००
जम्मा			९९९३४२

प्रमाण पेश नगरेको	९,९९,३४२

८७ जडान वेगरको खपत

नेपाल सरकार (सचिव स्तर) को मिति २०६२।११।८ को निर्णय तथा खानेपानी तथा ढल निकास विभागको च.न. १४९९, मिति २०६३।०१।०३ को परिपत्र अनुसार पाइप तथा फिटिङ्ग औजार खरिद गर्ने, अत्यावश्यक भएमा मात्र खरिद गर्ने तथा नापी किताबमा जडान देखिए अनुसार जिन्सी खाताबाट मौज्दात घटाउनु पर्ने व्यहोरा उल्लेख गरेको छ। लेखापरीक्षणको क्रममा खरिद भएको पाइप मध्ये रोकाया गाँउ खानेपानी योजना उपभोक्ता समितिले 20 mm DIA PN 16 को प्रति मिटर रु ४१.१९ दरको ४०५० मिटर पाइप वुझिलगेकोमा नापी किताव परीक्षण गर्दा उक्त पाइप जडान भएको नदेखिएकोले उक्त पाइप प्रयोग भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	१,६६,८१९.२५

८८ आन्तरिक लेखापरीक्षण तर्फ

८८.१ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ८५ मा आन्तरिक लेखापरीक्षणबाट देखिएका कैफियत तथा वेरुजु फर्स्यौट गर्ने सम्वन्धी व्यवस्था छ। जसअनुसार बार्षिक प्रतिवेदनको हकमा अन्तिम लेखापरीक्षण हुनु अगावै आवश्यक प्रमाण संलग्न गरी नियमित गर्नुपर्ने भए नियमित गराई वेरुजु फर्स्यौट गर्नु/गराउनु पर्ने र सो को जानकारी सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनुपर्ने उल्लेख छ।अन्तिम लेखापरीक्षणको अवधिसम्म आन्तरिक लेखापरीक्षणबाट औंल्याएका वेरुजु असुल फर्स्यौट भएको नदेखिएकोले वेरुजु नियमानुसार फर्स्यौट हुनुपर्ने देखिन्छ।व्यहोरा यसप्रकार छनः

१. विपन्न नागरिक सहायता वितरण कार्यक्रम मार्फत सहायता वितरण गर्दा आन्तरिक श्रोत तथा दायरा बमोजिम कार्यविधी बनाएर असाहय, विपन्न वर्गको कलस्टर वर्गीकरण गरेर मात्र गर्नुपर्ने हुन्छ तर यस पालिका बाट सञ्चालित उत्त कार्यक्रम सञ्चालन गर्दा आन्तरिक आयको विष्लेषण क्लष्टर वर्गिकरण लगायतका कार्य नगरी खर्च लेखेकोले उत्त कार्य ऐन विपरित रहेको पाइयो।यस तर्फ ध्यान दिनुपर्दछ।

२. गरिवी निवारणको लागी लघुउद्यम कार्यक्रम निर्देशिका २०७७ को दफा ३९(४) मा सामान विक्रि वाट प्राप्त रकम तालिम सम्पन्न भएपिछ शाखा/कार्यालयले तोकेको राजस्व खातामा दाखिला गर्नुपर्ने र विक्री हुन नसकेको सामान विक्रिको लागी कोशेली घर वा अन्य विकल्प खोज्नु पर्ने व्यवस्था छ । पालिकाबाट सञ्चालनमा रहेका कार्यक्रमहरुबाट सीप विकास तालिम संचालन गरी सोको अभिलेख राख्ने र आय आर्जन गरेको देखिएन । निर्देशिकामा भएको व्यवस्थाको पालना गर्नुपर्ने देखिन्छ ।

३. स्थानिय सरकार संञ्चालन ऐन २०७४ को दफा ८ विपरित गाँउपालिकामा भित्रका साखा प्रमुख लगायत प्राविधिक/प्रशासन र अन्य वडाका ९ वडा सचिवहरु करार मा लिइ दैनिक सार्वजनिक प्रशासन गराईरहेको ले पालिकाको सार्वजनिक तथा वित्तिय एंवम प्रशासनिक कार्यमा जोखिम बड्दै गइरहेको देखिन्छ । अतः वडासचिव स्थायी दरवन्दी सेवाको राख्ने तिर पालिकाको ध्यान जानु पर्दछ ।

४. यस पालिका भित्र सञ्चालनमा ल्याएका मोटरसाइकलहरुको सेतो नंम्वर ल्पेट नराखी प्रयोगमा ल्याएकोले प्रयोगमा अन्यन्त्रित भइ सार्वजनिक स्रोतसाधनको दुरुपयोग बडेकोले नियन्त्रणमा राख्नु पर्ने देखिन्छ ।

५. संस्था दर्ता ऐन २०३४ को दफा ३ बमोजिम पालिका बाट सञ्चालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका विभिन्न उपभोक्ता समितिहरु बाट भएकोमा उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नगरेको र त्यस्ता समितिहरु स्थानिय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्ने अस्थाही रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात समिति विगठन हुने हुदा निर्माण कार्य सम्पन्न भएका आयोजना संचालन तथा मर्मत संम्भारमा ति समिति जिम्मेवार नबनेका र त्यस्ता समितिहरुले आयव्ययको लेखापरिक्षण समेत नगराएको ।

६. स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ बमोजिम आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री निर्माण ज्याला भाडा महसुल लगाएतको न्युनतम दररेट नतोकिएको पाइयो ।

७. भौचर नं २८५ ०८१/०३/१६ गते स्थानिय तहको उपभोक्ता समिति गठन,परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७४ को परिच्छेद ३ को दफा ७ बमोजिम उपभोक्ता समितिले निर्माण गरिने आयोजना रु ३ लाख भन्दा वढी रकमको भएमा निर्माण स्थलमा सुचना पाटि राख्नु पर्ने प्रावधान रहेको छ । तर ३ नं वडाको घेराबार शिर्षक बाट रु ३,३१,१७९ को रोजगार कार्यक्रम मार्फत निर्माण गरेको भएता पनि उक्त आयोजना स्थलमा होडिङ्ग बोर्ड राखिएको पाइएन।

८. भौचर नं ५७० मिति २०८१/०३/२० सवारी साधन सञ्चालन तथा मर्मत सम्बन्धि निर्देशिका पालिकाले जारी गर्ने र सोहि बमोजिम पालिकाले सवारी साधन मर्मत गर्नुपर्दछ, साथै कुनै वर्कशप संग सम्झौता गरी एकै स्थानमा मर्मत गर्ने प्रवन्ध गर्नुपर्दछ । तर पालिकाले विभिन्न समयमा सवारी साधनहरुको भिन्न भिन्न स्थानहरुमा अन्यन्त्रित तरिकाले सवारी साधनहरु मर्मत गरि भुक्तानी दिइएको पाइयो । जस्तै पालिकाको गाडी अटो नेपाल सुर्खेत सँग एकै बर्षमा पटक पटक पालिकाको सम्झौता वेगर मर्मत गरेको पाइयो ।

९. भौचर नं ६४५ मिति ०८१/०३/२४ कर्मचारी बैठक शिर्षकमा रु २,२५,००० भुक्तानी दिएको देखियो । जसमा पालिकाको खरिद एकाइ समितिका सदस्यहरुको हस्ताक्षर बिना रु २१,००० विवरण गरेको देखियो । यसरी खरिद समिति नाम मात्रको लागी गठन गर्ने र भत्तामा केन्द्रित रहि गरिने यस्ता अनियमित व्यवहारलाई मितव्ययी र नियमन गर्नुपर्दछ ।

१०. भौचर नं ५४२ मिति ०८१/०३/१८ कर्णाली प्रदेश अन्तरगतका स्थानिय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन,२०७५ तथा भ्रमण खर्च नियमावली,२०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन ।

अधिकांश भ्रमणको उदेश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागी भएको हो भनी सुनिश्चित हुने विश्वसनिय आधार नदेखिएको ।

नियमानुसार भ्रमण अभिलेख खाता नरहेकोले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धि एकिकृत विवरण प्राप्त हुन नसकेको ।

भ्रमण पश्चात तोकिय बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।

कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित जाजरकोट खलङ्गा सम्म कार्यालय कामकाजको लागी गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।

स्पष्ट प्रयोजन वेगर पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्विकृत गरी भुक्तानी गर्ने गरेको ।

तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्विकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

८८.२ भौचर नं. २८३ ०८०/१२/१८ गरिबि निवारणका लागी लघुउद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ को परिच्छेद३ को दफा ११ मा सेवा प्रदायक मार्फत कार्यक्रम सञ्चालन गर्ने सकिने प्रावधान रहेको छ ।उत्त व्यवस्थामा कार्यक्रम सञ्चालन गर्ने कर्मचारि

तथा सेवा प्रदायकले कुनै पनी सेवा सुविधा लिन पाउने व्यवस्था गरेको देखिदैन तर यस भौचर बाट रु १२३६००वरावरको आठ दिने तालिम सञ्चालन मार्फत उद्यम साखामा कार्यरत हृदयमान शाह र गँगा शाही दुबै जनाले प्रतिदिन तालिम सञ्चालन मार्फत रु २००० का दरले भत्ता लिइएको पाइयो । प्रतिदिन १२००का दरले हुन आउने रकम बाट घटाइ बाँकी हुन आउने रकम असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	१२,८००

८८.३ संघिय हस्तान्तरित चालु भौच नं. १३४ मिति ०८०/११/२४ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायुत्व नियमावली २०७७ को दफा ३९ को १० मा कूनै रकमको भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नु पर्ने उल्लेख छ । यस भौचर बाट रु ९,९५,००१ भुक्तानी भएको श्रम बहादुर सिंह फोकलपर्सन सञ्चालित कार्यक्रम अन्तरगतको जम्मा २५५ डस्पिन रु १३२७ का दरमा र फिल्टर २०० वटा २७०० का दरमा खरिद गरी ल्याएकोमा वितरण गरेको भर्पाई २११ जनाको मात्र पेश भएकोले बाँकी ४४ वटा डस्पिन वितरण गरेको भर्पाइ पेस गर्ने अन्यथा उत्त ४४ डस्पिनको रु १३२७ को दरले हुन आउने ५८,३८८ वरावरको रकम असुल उपर गर्नुपर्ने रु

असुल गर्नुपर्ने	५८,३८८

८८.४ भौचर नं ४५३ ०८१/०२/३१ शैक्षक क्यालेण्डर शिर्षकमा जम्मा १,०००(एक हजार) पिस ८८ का दरले रु ८८,००० को खर्च लेखेकोमा जम्मा ४७१ वटा मात्र विद्यालयमा बुझाइएको भर्पाई उपलब्ध छ । अतः बाँकि हुन आउने वुझाएको वा रहेको विवरण उपलब्ध गराउनुपर्ने । अन्यथा बाँकि हुन ५२९ वटाको ८८ का दरले जम्मा ४६५५२ असुल उपर गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	४६,५५२

८९ आन्तरिक लेखापरीक्षण तर्फ

८९.१ भौचर नं ३२६ मिति ०८१/०३०२३ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को दफा ३९ को १० मा कूनै रकमको भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नु पर्ने उल्लेख छ । त्यस्तै सम्झौता गरी गरिने कुनै पनि कार्यमा सम्झौतामा उल्लेखित व्यवस्थालाई अक्षरस पालना गर्नुपर्दछ । पोषणमैत्रि कार्यक्रम सञ्चालक श्रम बहादुर सिंहले रु ७०,००० संञ्चार खर्च शिर्षक अन्तरगत कर्मचारीहरुलाइ उत्त रकम रिचार्ज खर्च भनी बाँडेको पाइयो । उक्त रकम बहुपक्षिय पोषण निर्देशिका विपरित रहेकोले लिन मिल्ने प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	७०,०००

८९.२ भौचर नं २४५ ०८१/०३/०६ सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम निर्धारित रकम अनुसार खरिद विधि तथा प्रक्रिया अपनाउनु पर्ने प्रावधान रहेको छ । उत्त ऐन बमोजिम कोटेशन मार्फत गर्नुपर्ने कानुनी प्रावधान रहेबमोजिम सरस्वति आ.वि को सामान रु ६,४७,०८७ को खरिद गर्दा कोटेशन संकलनमा विद्यालय प्र.अ आफ्नै निवेदन प्रयोग गरी कोटेशनमा राखी खरिद गरिएको र भुक्तानी दिइयको पाइयोले अनियमित देखिएको रु

अनियमित भएको	६,४७,०८७

८९.३ भौचर नं. १५४ मिति ०९/२० सार्वजनिक खरिद ऐन २०६३को परिच्छेद ३को उपदफा १९ मा २० हजार मुनीको रकम वरावरको खरिद गर्दा पान विल मार्फत गर्न सकिने र सो भन्दा बढी रकम बराबरको खरिद गर्दा vat मा दर्ता भएको फम बाट गर्नुपर्ने व्यबस्था रहेको छ तर यस बिलमा रु१२८८७० बरावरको रकम (एसएमएस कम्प्युटर पसल) मार्फत मसलन्द शिर्षकमा सामानहरु खरिद गरेको पाइएकोले ऐन विपरित रहेको रु

अनियमित भएको	१,२८,८७०

८९.४ भौचर नं ६१५ ०८१/०३/२४ स्थानिय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ८ मा न्यायिक कार्य सम्बन्धि व्यवस्था मा स्पष्ट कार्यक्षेत्र उल्लेख गरेको छ तर न्यायिक समितिले ऐन मा हुदै नभएको अभिकार प्रयोग गरी न्यायिक व्यवस्थापन शिर्षक बाट भिम बहादुर सिंह अधिवक्ता लाइ कानुनी सहायता शिर्षकमा रु १०,००० खर्च लेखेको पाईयो अनियमित देखिएको रु

अनियमित भएको	१०,०००

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : बारेकोट गाउँपालिका, जाजरकोट , बारेकोट गाउँपालिका , जाजरकोट

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	LOK RAJ KHATRI	२०८१-१-२८	हाल सम्म कार्यरत
लेखा प्रमुख	राज बहादुर सिह	२०७४-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२,१९२,४४८	२२,५३९,१८३	२५,५८५,८६५.३५	०	०	१८,३०८,०००
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					६८,६२५,४९६.३५
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					०
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					६८,६२५,४९६.३५

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		०.०	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	०.०	चालु खर्च	०.०
प्रदेश सरकारबाट अनुदान	३२१९८११४९.५२	पूँजीगत खर्च	०.०
राजश्व बाँडफाँट	८७८०८२३१.१३	वित्तीय/अन्य व्यवस्था	६४६४१८१५८.४९
आन्तरिक आय	२२४००८९.०		
अन्य आय	२८२२६३६७४.०९		
कुल आय	६९४२९३१४३.७४	कुल खर्च	६४६४१८१५८.४९
बाँकी मौज्दात		४७८७४९८५.२५	

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

वारेकोट गाँउ कार्यापालिकाको कार्यालय जाजरकोट							
आ व २०८०।२०८१ को एकिकृत आय ब्यय							
आय				व्यय			
सि.नं.	विवरण	रकम	जम्मा	सि.नं.	विवरण	रकम	जम्मा
१.०	**गत बर्षको अल्या**	०.००	**३३०५८५७१.७५**	**१.०**	**चालु खर्च**	०.००	**३१३५७७४५३.१४**
१.०	संचितकोष खाता	२१३०५५३९.९२		१.०	संघीय समानीकरण अनुदान	३९५१५६५८.००	
२.०	प्रकोप व्यवस्थापन कोष	५३४११०२.००		२.०	संघीय सशर्त अनुदान	१७७५३५८६३.५२	
३.०	चालु खर्च खाता	०.००		३.०	प्रदेश समानीकरण अनुदान	५३१२०१३.००	
४.०	पुँजीगत खर्च खाता	०.००		४.०	प्रदेश सशर्त अनुदान	१४६०५०३६.००	
५.०	धरौटी खाता	६१८०६८५.००		५.०	संघीय राजस्व बाँडफाँड	६७७४१८२५.६२	
६.०	विविध खर्च खाता	२३१२४४.८३		६.०	आन्तरिक स्रोत (राजस्व)	३७९२७६६.००	
				७.०	प्रदेश राजस्व बाँडफाँड	४५७०१८.००	
				८.०	विशेष अनुदान सघ	४६१७२७३.००	
२.०	**संचितकोष खाताको जम्मा**	०.००	**४१२०२९४६९.६५**	**२.०**	**पुँजीगत खर्च**	०.००	**९७६२६७३१.६०**
२.१	संघीय वित्तीय समानीकरण अनुदान	७३५६३०००.००		२.१	सघीय वित्तीय समानीकरण अनुदान	२७६६८३९७.००	
२.२	संघीय राजस्व बाँडफाँड	८७३४७२१३.१३		२.२	संघीय राजस्व बाँडफाँड	९२१८७४२.००	
२.३	आन्तरिक स्रोत (राजस्व)	२२४००८९.००		२.३	आन्तरिक स्रोत (राजस्व)	१६७८९८०७.६०	
२.४	संघीय सशर्त अनुदान	१८७१८४७३२.५२		२.४	संघीय सशर्त अनुदान	९६४८८६९.००	
२.५	सघीय सपुरक अनुदान	१८५००००००.००		२.५	संघीय सपुरक अनुदान	१८५०००००.००	
२.६	प्रदेश समानीकरण अनुदान	८२०८०००.००		२.६	प्रदेश समानीकरण अनुदान	४९७८०८.००	
२.७	प्रदेश सशर्त अनुदान	२६८४८१४४.००		२.७	प्रदेश समपूरक अनुदान	३०६००००.००	
२.८	प्रदेश समपूरक अनुदान	३०६००००.००		२.८	प्रदेश सशर्त अनुदान	१२२४३१०८.००	

२.९	सघीय	४६१७२७३.००		२.९	प्रदेश विशेष अनुदान	०.००	
३.०	प्रदेश राजस्व बाँडफाँड	४६१०१८.००		2.1.१	प्रदेश राजस्व बाँडफाँड	०.००	
३.१	**कार्यसंचालन कोष खाताहरु**	०.००	**१६७४६३१५६.९५**	**३.०**	**कार्यसंचालन कोष खाताहरु**	०.००	**१५५६९९९०२.९८**
३.२	**प्रकोप ब्यवस्थापन कोष**	१४००३७२६०.००		३.१	**प्रकोप व्यवस्थापन कोष**	१३०२६०१४९.००	
३.३	**विविध खर्च खाता**	२४९१७३६७.९५		३.२	**विविध खर्च खाता**	२४३५४३२२.९८	
३.४	**धरौटी खाताको आम्दानी**	२५०८५२९.००	**०.००**	३.३	**धरौटी खाताको खर्च**	१०८५४३१.००	
४.०	**अन्तर सरकारी अख्तियारी**		**७९८७९०१८.२९**	**४.०**	**अन्तर सरकारी अख्तियारी**		**७९८७९०१८.२९**
४.१	सामाजिक सुरक्षा संरक्षण	७५३४१४०३.२९		४.१	सामाजिक सुरक्षा संरक्षण	७५३४१४०३.२९	
४.२	एकीकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम	०.००		४.२	एकीकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम	०.००	
४.३	पूर्वाधार विषेश कार्यक्रम 337009014	०.००		४.३	पूर्वाधार विषेश कार्यक्रम	०.००	
४.४	जलश्रेत तथा उर्जा विकास 308009014	०.००		४.४	खानेपानी सिंचाई तथा उर्जा विकास कार्यालय	०.००	
४.५	आन्तरिक मामिला तथा कानून मन्त्रालय 314000113	३४६८४७९.००		४.५	आन्तरिक मामिला तथा कानून मन्त्रालय	३४६८४७९.००	
४.६	जनता आवास कार्यक्रम 337019094	०.००		४.६	जनता आवास कार्यक्रम 337019094	०.००	
४.७	सामाजिक विकास मन्त्रालय 350000113	७९९१३६.००		४.७	सामाजिक विकास मन्त्रालय 350000114	७९९१३६.००	
४.८	कर्णाली प्रदेश योजना आयोग ३९१०००११३	२७००००.००		४.८	कर्णाली प्रदेश योजना आयोग ३९१०००११३	२७००००.००	
४.९	वैकमा वढि हिसाव मिलान गर्नुपर्ने रकम		१८६२९२७.१०	**५.०**	**वैंक मौज्दात**	०.००	**४७५१००३७.७३**
				५.१	संचीत कोष खाता	२१३७९७०४.७६	
				५.२	विविध खर्च खाता	३३४४००५.९७	

				५.३	प्रकोप व्यवथापन कोष	१५१८२५४४.००	
				५.४	धरौटी खाता	७६०३७८३.००	
	जम्मा		**६९४२९३१४३.७४**		**जम्मा**		**६९४२९३१४३.७४**

--

बेरूजु दफा ८२ सँग सम्बन्धित विवरण - अनुसूची -४

गो भौ नं।मिति	विद्यालयको नाम	विवरण	रकम
१३।२०८०।६।२६	सीता मा वि कार्कीज्यूला सहित ७ वटा विद्यालयलाई	११ जना शिक्षकलाई	९३४४००
१६।२०८०।६।२६	शिक्षण सिकाई अनुदान १५	आधारभूत मा वि का २६ जना शिक्षकलाई	१६९१८००
१८।२०८०।६।२६	शिक्षण सिकाई अनुदान वालविकास	२२ वटा विद्यालयका २४ जना शिक्षकलाई	१०८००००
१९।२०८०।६।२६	शिक्षण सिकाई अनुदान	१९ वटा विद्यालयमा अनुदान	१३५००००
५१।२०८०।६।२९	शिक्षण सिकाई अनुदान	चन्द्रज्योती प्रा वि	५४०००
१७६।२०८०।१०।४	शिक्षण शिकाई अनुदान	१८ वटा विद्यालयका २७ जना शिक्षक	१७६२९३३
१७७।२०८०।१०।४	शिक्षण सिकाई अनुदान	७ विद्यालयका ११ जना शिक्षक	८६४०००
१७८।२०८०।१०।४	शिक्षण सिकाई अनुदान	१९ विद्यालका २८ जना शिक्षक	१४८२६००
१८१।२०८०।१०।५	शिक्षण सिकाई अनुदान वालविकास	२३ वालविकासका २४ जना शिक्षक	१०८००००
१८२।२०८०।१०।५	पालिका सहयोगी वालविकास केन्द्र	९ विद्यालयका ९ जना	२१६०००
२४६।२०८०।११।२३	कम्प्यूटर शिक्षक अनुदान	पालिकाका ८ वटा विद्यालयमा	१७२८०००
३८६।२०८१।२।१३	शिक्षण सिकाई अनुदान	२० वटा विद्यालयका २८ जना शिक्षक	१६२९०००
३८८।२०८१।२।१३	शिक्षण सिकाई अनुदान	१८ वटा विद्यालयको २६ जना शिक्षक	१६३४५८२
३९०।२०८१।२।१३	शिक्षण सिकाई अनुदान	७ वटा विद्यालयका ९ जना शिक्षक	१०३२५५६
३९२।२०८१।२।१३	शिक्षण सिकाई अनुदान	२३ विद्यालयका २४ शिक्षक	१०३५०००
३९४।२०८१।२।१३	कार्यलय सहयोगी वाल विकास केन्द्र	१० विद्यालयका १० जना	२४८०००

४४७।२०८१।२।३१	शिक्षण सिकाई अनुदान	२० विद्यालयका २८ शिक्षक	१५१२०००
४४९।२०८१।२।३१	शिक्षण सिकाई अनुदान	७ विद्यालयका ९ शिक्षक	७६८०००
४५१।२०८१।२।३१	पालिका सहयोगी वाल विकास केन्द्र	१० विद्यालयका १० शिक्षक	२४००००
४५७।२०८१।२।३२	शिक्षण सिकाई अनुदान	४४७ को छुट	५४०००
५७७।२०८१।३।२०	शिक्षण सिकाई अनुदान	१८ विद्यालयका २६ शिक्षक	१५६३४६४
५७८।२०८१।३।२१	शिक्षण सिकाई अनुदान	२३ विद्यालयका २४ शिक्षक	१०३५०००
जम्मा			२२९९५३३५

सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- भौतिक संरचना निर्माण गर्दा गुणस्तर आश्वस्तता योजनामा तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा दर्शाइएका सुझावहरु कार्यान्वयन हुनु पर्दछ ।

- पालिकामा निर्माणाधीन भौतिक संरचनाहरु समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।